

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २७ •अंक ६५ • २०८२ साल साउन ८ गते विहीबार (24 July, Thursday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

## 'मणिमण्डपलाई विवाह स्थलको रूपमा अघि बढाउनुपर्छ'



**टुडे समाचारदाता**

जनकपुरधाम । शहरीविकासमन्त्रीतथा उपप्रधानमन्त्री प्रकाशमान सिंहले जनकपुरधामको सीता पुष्पवाटिका (मणिमण्डप) लाई हिन्दु धर्मावलम्बीका लागि विवाह स्थलको रूपमा अघि बढाउनुपर्नेमा जोड दिएका छन् ।

जनकपुरधाममा बिहीबार उद्घाटन गर्दै मन्त्री सिंहले त्रेता युगमा भगवान् राम र जगतजननी सीताको विवाहका लागि भगवान् विश्वकर्माले मणि जडित मण्डप निर्माण गरेकै कारण यस स्थलको नाम मणिमण्डप परेको धार्मिकविश्वास रहेकाले यसको समुचित विकासका लागि विभिन्न खालका संरचनाहरू निर्माण गरेको बताए ।

उनले यस स्थललाई सक्रिय स्वरूपमा ल्याउनका लागि तिनै तहका सरकारले काम गर्नु पर्नेमा जोड दिए । उनले यस स्थललाई विश्व भरि नै पहिचान दिलाउनका लागि अग्रसर हुनुपर्ने धारणा राखे ।

सो कार्यक्रममा मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहले यस एतिहासिक स्थललाई विवाह स्थलको रूपमा प्रचार प्रसार हुनु पर्नेमा जोड दिए । उनले यसलाई विवाह स्थलको रूपमा प्रचारप्रसार भएमा जनकपुरधाममा पर्यटकको आगमन बढ्ने र यसले देशको अर्थतन्त्रमा ठूलो मद्दत पुग्ने बताए ।

यस सीतापुष्पबाटिका आयोजना अन्तर्गत यस क्षेत्रमा सुविधा सम्पन्न प्यालेश भवन सहित दुई वटा धर्मशाला, दुई वटा पवेलियन निर्माण गरिएको छ । प्यालेस भवनमा ७० जना अटाउने हल सहित १६ वटा बेडरुम, एउटा डायनिङ हल, एउटा किचेन, एउटा म्युजियम ओसफिस, एउटा टिकट काउन्टर कोठा, दुई वटा स्टोर कोठा सहितका संरचनाहरू रहेको छ ।

त्यसैगरी दुई वटा सुविधा सम्पन्न धर्मशाला जसमा १३ वटा डोरमिटोरी रुम ,एउटा डाइनिङ हल, एउटा किचेन, विवाहमण्डप, दुई वटा पवेलियम र १० कोठे पसल रहेको छ ।

### भण्डारीलाई एमालेको राजनीतिमा 'ब्रेक'

# आन्तरिक छलफलमा विद्या, सदस्यता स्वत: निष्क्रिय :पोखरेल

**टुडे समाचारदाता**

काठमाण्डु । पूर्वराष्ट्रपति विद्या देवी भण्डारीको एमाले राजनीति गर्ने चाहनामा 'ब्रेक' लागेको छ । एमालेको मंगलवार राती सम्पन्न आठौं केन्द्रीय कमिटीको बैठकले भण्डारीले सक्रिय राजनीतिमा फर्किन नपाउने गरी निर्णय गरेको छ ।

मुलुकको राष्ट्राध्यक्ष भइसकेको व्यक्ति अवकाश प्राप्त गरिसकेपछि राजनीतिमा फर्किने विषय संविधानले परिकल्पना नगरेको जिकिर एमालेको केन्द्रीय कमिटी बैठकले गरेको छ ।

श्रीमती भण्डारीले यस अघि असार महिनामा पूर्वराष्ट्रपतिको हैसियतले पाउने सेवा सुविधाहरु नलिने सरकारलाई पत्राचार गरी जानकारी दिएका थिए । त्यसपछि उनी एमाले मुख्यालय च्यासल पुगेकी थिइन् । त्यस क्रममा नै उनले पार्टीको सदस्यता नवीकरण गराइसकेको जानकारी गराएकी थिइन् ।

तर एमालेका महासचिव शंकर पोखरेलले अब उनको सदस्यता समेत निर्षिक्रय भएको बताएका छन् । 'केन्द्रीय कमिटीले उहाँ पार्टीको सक्रिय राजनीतिमा फर्किन नहुने निर्णय गरेको छ ' उनले भने, त्यसपछि उहाँको सदस्तया स्वतःनिर्षिक्रय भएको छ ।

'सदस्यता नवीकरण भएपछि सार्वजनिक नगरौं, यो विशेष विषय हो, उपयुक्त समयमा सार्वजनिक गरौं भन्ने सहमति थियो' उनले भने, तर उहाँले नै सार्वजनिक गरेपछि त्यस्तो निर्णयमा पुगेका हौं । 'यसैले राजनीतिमा फर्किन मिल्दैन भन्ने निर्णय गरेपछि सदस्यताको विषय स्वतः निष्क्रिय भएको छ ' पोखरेलले भने, सदस्यता स्थगित भएको छ ।'



'संवैधानिक राष्ट्राध्यक्षको व्यवस्था रहेको हाम्रो लोकतान्त्रिक प्रणाली कार्यकारी प्रमुखका रुपमा राष्ट्रपति रहने मुलुकको प्रबन्ध भन्दा भिन्न रहेको स्पष्ट छ,' एमालेले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ, 'यस्तो गरिमामय भूमिकामा रहेको राष्ट्राध्यक्षले पदीय जिम्मेवारीमा रहँदा पनि र त्यसबाट अवकाश प्राप्त गरिसकेपछि पनि आफ्नो दलीय आबद्धतामा फर्किने विषय नेपालको संविधानले परिकल्पना गरेको देखिँदैन ।'

पूर्वराष्ट्रपति भण्डारीको पार्टी सदस्यता नवीकरणबारे लामो व्याख्या गर्दै एमालेले उनी राजनीतिमा सक्रिय हुनु राजनीतिक मान्यता विपरीत रहेको पनि जनाएको छ ।

केन्द्रीय कमिटीको बैठकले भण्डारीलाई एमालेको राजनीतिमा रोक लगाउने निर्णय गर्दा उपाध्यक्ष सुरेन्द्र पाण्डे समेत तीन जनाले विरोध गरेका थिए । भण्डारीको अत्यन्त निकट मानिएका वरिष्ठ उपाध्यक्ष इश्वर पोखरेल भने मौन रहेर निर्णयमा सहमति जनाएका थिए ।

केन्द्रीय कमिटी बैठकमा विद्याको पक्षमा नेताहरु खुल्ने अपेक्षा गरिएको थियो । भण्डारीलाई राजनीतिमा आउन रोक लगाउन नहुने पक्षमा रहेका नेताहरु र भण्डारीको अघिपछि सल्लाह दिइरहनेहरु समेत मौन रहेर निर्णयमा समर्थन जनाएका थिए ।

'नेपालको संविधानले राष्ट्रपतिलाई राष्ट्रिय एकताको प्रतीक, संविधानको संरक्षक, पालनकर्ता र नेपाली सेनाको परमाधिपति जस्ता गुरुत्तर दायित्व सुम्पिएको छ । यो भूमिका आफैमा अत्यन्त सम्मानित, गरिमायुक्त र ऐतिहासिक महत्वको छ । राष्ट्रपति संस्थाको यही गरिमामय ओहदालाई ध्यानमा राखेर त्यस जिम्मेवारीमा निर्वाचित हुने व्यक्ति आफ्नो दलीय या अन्य संस्थागत आवद्धताबाट पूर्ण रुपमा मुक्त भएर निष्पक्ष भूमिकामा रहने र पदमा रहँदा संवैधानिक सीमाभित्र रहेर काम गर्ने व्यवस्था नेपालको संविधानले गरेको छ,' विज्ञप्तिमा उल्लेख छ, 'संवैधानिक राष्ट्राध्यक्षको व्यवस्था रहेको हाम्रो लोकतान्त्रिक प्रणाली कार्यकारी प्रमुखका रुपमा राष्ट्रपति रहने मुलुकको प्रबन्ध भन्दा भिन्न रहेको स्पष्ट छ । यस्तो गरिमामय भूमिकामा रहेको राष्ट्राध्यक्षले पदीय जिम्मेवारीमा रहँदा पनि र त्यसबाट अवकाश प्राप्त गरिसकेपछि पनि आफ्नो दलीय आबद्धतामा फर्किने विषय नेपालको संविधानले परिकल्पना गरेको देखिँदैन ।'

यसो गर्दा राष्ट्रपतिले पदीय जिम्मेवारीमा रहँदा सम्पादन गरेका कामहरु विवादित हुन सक्नेतर्फ एमालेले सचेत पनि गराएको छ ।

एमालेमा पदाधिकाकारीतर्फ विद्या पक्षमा खुलेका सुरेन्द्र, युवराज ज्ञवालीबाहेक वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्ष अष्टलक्ष्मी शाक्य, सचिवहरू गोकर्ण विष्ट, योगेश भट्टराई पनि सम्पर्कमा रहेको बताइएको छ । भण्डारीको पक्षमा देखिएका नेताहरु मध्ये इश्वर पोखरेल बाहेकले माधव कुमार नेपाललाईपनि धोका दिएका थिए ।

पूर्वराष्ट्रपति भण्डारी निकटका नेताहरुले उनकै कारण अध्यक्ष ओली यस अघि प्रधानमन्त्री रहेको बेला कयौं महत्वपूर्ण निर्णयहरु लिएर कार्यान्वयन गरेको बताउन थालेका छन् । राष्ट्रपति रहेको बेला पनि उनी विवादमा परेकी थिइन् । पार्टी विभाजन, संसद विघटन, अध्यादेश मार्फत संवैधानिक निकायहरुमा नियुक्ति लगायतमा भण्डारी विवादित बनेकी थिइन् ।

केन्द्रीय कमिटीको निर्णय पछि उनी आगामी दिनमा अगाडि बढ्ने रणनीति बनाउन छलफलमा जुटेकी छन् ।









## वीरगञ्ज भन्सार नाका :
# पेट्रोलियम पदार्थ आयातबाट ८० अर्ब ९२ करोड राजस्व सङ्कलन




वीरगञ्ज । वीरगञ्ज नाका हुँदै गत आर्थिक वर्षमा रु एक खर्ब ९१ अर्ब ८८ करोड मूल्य बराबरको पेट्रोलियम पदार्थ आयात भएको छ । डिजेल, पेट्रोल, लिक्विफाइड पेट्रोलियम ग्यास (एलपिजी), एभिएसन टर्बाइन फ्युल (एटिएफ) र मट्टितेल आयात भएको हो । समग्रमा आव २०८० / ८१ को तुलनामा गत आवभरिमा यो नाका हुँदै मूल्यको आधारमा पेट्रोलियम पदार्थको आयात रु एक अर्ब ९४ करोडले घटेको छ ।

सो अवधिमा मूल्यको आधारमा पेट्रोलियम पदार्थको आयात घटेपनि सोबाट प्राप्त हुने राजस्व भने १० दशमलव २३ प्रतिशतअर्थात् रु सात अर्ब ५१ करोडले बढेको छ । वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले कार्यालयले गत आवभरिमा सबैभन्दा धेरै राजस्व पेट्रोलियम पदार्थको आयातबाट प्राप्त गरेको बताउनुभयो । "यहाँको भन्सारको राजस्व पेट्रोलियम पदार्थको आयात र सवारीसाधनको आयातमा निर्भर रहेको छ", उहाँले भन्नुभयो ।

गत आवभरिमा पाँच थरिका पेट्रोलियम पदार्थको आयातबाट कार्यालयले रु ८० अर्ब ९२ करोड रकम राजस्व सङ्कलन गरेको छ । जबकी अघिल्लो आव २०८०/८१ मा पाँचै थरिका पेट्रोलियम पदार्थको आयातबाट रु ७३ अर्ब ४० करोड राजस्व सङ्कलन थियो ।

कार्यालयका अनुसार गत आवभरिमा रु ९९ अर्ब ९५ करोड मूल्य पर्ने ११ लाख ४९ हजार ५२१ किलोलिटर डिजेल आयात भएको छ । अघिल्लो आवको सोही अवधिमा रु एक खर्ब पाँच अर्ब ८७ करोड मूल्यको १० लाख ५५ हजार १६० किलोलिटर डिजेलको आयात भएको थियो ।

कार्यालयले गत आवभरिमा डिजेल आयातबापत कार्यालयले रु ४५ अर्ब ७२ करोड राजस्व सङ्कलन गरेको छ भने अघिल्लो आवको सोही अवधिमा भने रु ४२ अर्ब ३६ करोड राजस्व सङ्कलन गरेको थियो ।

त्यस्तै गत आवभरिमा रु ३८ अर्ब ७२ करोड मूल्य पर्ने चार लाख ५३ हजार ८६४ किलोलिटर पेट्रोल आयात भएको छ । जबकी अघिल्लो आवको सोही अवधिमा भने रु ३९ अर्ब दुई करोड मूल्य पर्ने तीन लाख ९४ हजार ७२३ किलोलिटर पेट्रोल आयात भएको थियो । कार्यालयले गत आवभरिमा पेट्रोल आयातबाट रु २५ अर्ब ६६ करोड राजस्व सङ्कलन गरेको छ । जबकी अघिल्लो आवमा भने पेट्रोलबाट रु २२ अर्ब ६२ करोड राजस्व सङ्कलन भएको थियो ।

यो नाका हुँदै गत आवमा रु ३६ अर्ब ३७ करोड मूल्य पर्ने ३१ करोड ८९ लाख २४ हजार ६८४ किलोग्राम एलपिजी ग्यास आयात भएको छ । जबकी अघिल्लो आवको सोही अवधिमा भने रु ३० अर्ब मूल्य पर्ने २७ करोड ९० लाख ४८ हजार ८७८ किलोग्राम एलपिजी ग्यास आयात भएको छ । कार्यालयले गत आवमा एलपिजीबाट रु छ अर्ब ८१ करोड र अघिल्लो आवभरिमा भने रु पाँच अर्ब ६० करोड राजस्व सङ्कलन गरेको थियो ।

यो नाका हुँदै गत आवमा रु १६ अर्ब १४ करोड मूल्य पर्ने एक लाख ८० हजार ६६३ किलोलिटर एटिएफ आयात भएको छ । जबकी अघिल्लो आवमा भने रु १८ अर्ब २१ करोड मूल्य पर्ने एक लाख ७३ हजार ४८४ किलोलिटर एटिएफ आयात भएको छ ।रासस

# चोरी गर्ने पाँच जना पक्राउ

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको कबिलासी नगरपालिका कार्यालयमा चोरी गर्ने पाँच जना पक्राउ परेका छन् ।

कबिलासी नगरपालिका-८ स्थित नगरपालिका कार्यालयको सामाजिक सुरक्षा शाखाबाट यही साउन ४ गते राति विभिन्न सामग्री चोरी भएको थियो । सर्लाही प्रहरीले चोरीमा संलग्न पाँच जना व्यक्तिलाई पक्राउ गरी सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेमा कबिलासी नगरपालिका-८ का २२ वर्षीय रोहित मिश्र, ४० वर्षीय सुरेन्द्र राय, २० वर्षीय राजु पासवान, २२ वर्षीय ललका पासवान र १९ वर्षीय दीपक पासवान रहेको सर्लाही प्रहरीले जनाएको छ । उनीहरुविरुद्ध सर्लाही जिल्ला अदालतबाट चोरी सम्वन्धी कसुरमा पाँच दिन म्याद थप गरी अनुसन्धान भइरहेको सर्लाही प्रहरीका सूचना अधिकारी एवम् डिएसपी सरोज राईले जानकारी दिए ।

नगरपालिकाको कार्यालयबाट चोरी भएका सामानमध्ये साउन ५ गते बिहान एक थान प्रिन्टर नगरपालिका कार्यालय नजिकैको नालामा फेला परेको थियो । अन्य सामग्री भने पक्राउ परेकामध्ये २२ वर्षका रोहित मिश्रको घरबाट बरामद भएको डिएसपी राईले बताए ।

सर्लाही प्रहरीले मिश्रको घरमा लुकाएर राखिएको अवस्थामा नगरपालिका कार्यालयबाट चोरी भएको एक थान सिपियु, एक थान मोनिटर, एक थान किबोर्ड, एक थान कुर्सी, एक थान राउटर र एक थान मल्टिप्लग बरामद गरेको छ । सिसिटिभी फुटेजको आधारमा चोरीमा संलग्न व्यक्तिहरुलाई पक्राउ गर्न सफल भएको सर्लाही प्रहरीले जनाएको छ ।




# 'लम्पी स्किन' फैलिँदै



**टुडे समाचारदाता**

राजविराज । सप्तरीका चारवटा स्थानीय तहमा चौपायामा सर्ने छालाको सङ्क्रमण 'लम्पी स्किन' फैलिँदै गएको छ । दुई सातायता रुपनी, राजगढ, विष्णुपुर र बलान बिहुल गाउँपालिकामा उक्त संक्रमण देखिएको छ ।

'लम्पी स्किन' का कारण रुपनी गाउँपालिका-४ स्थित भथौलका ब्रहमदेव यादव र भुवनेश्वर साहका एक/एक वटा बाछा मरेका छन् भने सो टोलसहित छपकी र लक्ष्मीपुरका दुई दर्जनभन्दा बढी चौपायामा सङ्क्रमण देखिएको छ ।

उनले भने, 'बाच्छामा संक्रमण देखिएपछि उपचार सुरु गरिसकेका थियौं, तर ६ हजार रुपैयाँ खर्च गर्दा पनि निको भएन,' साहले अघि थप्दैं भने, 'यहाँका लगभग सबै चौपाया संक्रमित छन्। पालिकामा जानकारी गराए पनि उपचारको व्यवस्था मिलाइएको छैन ।'

गाउँपालिकाका भेटेरीनरी उप-संयोजक धनजितकुमार खड्गाले संक्रमण नियन्त्रणका लागि भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रसँग समन्वय भइरहेको बताए ।

सो क्षेत्रका विष्णुपुर गाउँपालिका-१ खुरुहुरिया र राजगढ गाउँपालिका-५ स्थित मलेकपुरमा रहेका चौपायाको स्थानीय भेटेरीनरी जेटिए सन्तोषकुमार यादवले प्राथमिक उपचार गरिरहेका छन् ।

उनका अनुसार खुरुहुरिया र मलेकपुरमा पनि एक दर्जनभन्दा बढी चौपायामा 'लम्पी स्किन' को संक्रमण देखिएको छ । ती चौपायामा ज्वरो आउने, दाना-पानी कम खाने र छालामा गोलागोला गिर्खा देखिने लक्षण देखिएका छन् । बलान बिहुल गाउँपालिका-१ बरही टोल र वडा नम्बर ५ रामनगरमा गरी ११ वटा चौपायामा संक्रमण देखिएको छ । बरही टोलमा देखिएको संक्रमण नियन्त्रणका लागि विज्ञ केन्द्रले पठाएको टोलीले उपचार गरे पनि अन्य स्थानमा देखिएको सङ्क्रमणबारे भने केन्द्रमा जानकारी पुगेको छैन ।

विज्ञ केन्द्रका प्रमुख डा. रामपवित्र दासका अनुसार बलान बिहुलको एउटा वडाका ८-९ वटा चौपायामा सङ्क्रमण देखिएपछि टोली पठाएर उपचार गरिएको छ ।

उनले गत वर्ष जिल्लामा 'लम्पी स्किन' विरुद्ध ४१ हजार ५ सय चौपायामा खोप लगाइएको थियो । तर साउनअघि नै खोप सकिएकाले समस्या भएको उनले बताए ।

# पूर्वमन्त्री रायमाझीको मुद्दामा १८ गते पेसी

काठमाण्डु । नक्कली भुटानी शरणार्थी प्रकरणमा दुई वर्षदेखि पुर्पक्षका लागि थुनामा रहेका नेपाल कम्युनिष्ट पार्टी (एमाले) का निलम्बित सचिव टोपबहादुर रायमाझीको मुद्दामा जाहेरीवाला र साक्षीको वकपत्र (बयान) सकिएपछि यही साउन १८ गतेका लागि पेसी तोकिएको छ ।

पूर्ववउपप्रधानमन्त्री एवं अर्घाखाँचीबाट निर्वाचित भई हाल निलम्बित सांसद रायमाझीसहित अन्य विरुद्धको सो मुद्दामा जाहेरी र साक्षीको इन्कारी वकपत्रसँगै कागज गर्नेहरूको पनि बयान सकिएकाले यही साउन १८ गतेका लागि पेसी तोकिएको काठमाडौँ अदालतका सूचना अधिकारी दीपककुमार श्रेष्ठले जानकारी दिनुभयो ।

'ठगी लिखत कीर्ते र राज्यविरुद्ध र सङ्गठित अपराधसम्बन्धी कसुर' को उक्त मुद्दाको साक्षी वकपत्र प्रस्तुत गर्दै प्रेमराज पन्थीले तत्कालीन अवस्थामा जिल्ला प्रहरी कार्यालय टेकुमा जाहेरीपत्रमा हस्ताक्षर मात्र गरेको र अन्य व्यहोरा आफ्नो नभएको उल्लेख गर्नुभएको छ ।

कानुन व्यवसायी अधिवक्ता धर्मराज रेग्मीले जिरह गर्दा पन्थीले टङ्क गुरुङको रेष्टुराँमा पटकपटक मूल प्रतिवादी सानु भण्डारी र केशव दुलालले बोलाएर जाने गरेको तर ती भेटघाटमा पूर्वमन्त्री रायमाझी र उहाँका स्वकीय सचिव लीला जिसी नरहेको लिखित बयान दिनुभएको हो ।

पन्थीले जाहेरी लेख्दा आफूले ती कुरा उल्लेख नगरेको तथा आफूले एभरेष्ट होटलको चौथो तलामा सानु भण्डारीसँग मात्रै भेटेको, रायमाझीलाई नभेटेको स्पष्ट गर्नुभएको कानुन व्यवसायी अधिवक्ता रेग्मीले जानकारी दिनुभयो । उहाँका अनुसार पूर्वमन्त्री रायमाझीको मुद्दा २९ महिनादेखि विचाराधीन अवस्थामा छ ।

उक्त प्रकरणमा केशवप्रसाद दुलाल, सानु भण्डारी, सन्देश शर्मासमेत मूल प्रतिवादी बनाइएकामा पूर्वमन्त्री रायमाझीलाई सहायक प्रतिवादी बनाइएपछि २०८० वैशाख २० गते जिल्ला प्रहरी कार्यालय, काठमाडौँले पक्राउ पुर्जी जारी गरी विसं २०८० वैशाख ३१ गते पक्राउ गरेको थियो ।

जिल्ला अदालत काठमाडौँका न्यायाधीश प्रेमप्रसाद न्यौपानेको एकल इजलाशले विसं २०८० असार १ गतेको फैसलाबाट रायमाझीसहितलाई पुर्पक्षका लागि थुनामा राखेको थियो । 'धरौटीमा रिहा भई मुद्दा लड्न पाउँ' भनी जिल्ला अदालतको फैसला । रासस

# पुरुष मृत भेटिए



**टुडे समाचारदाता**

राजविराज । सप्तरीको राजगढ गाउँपालिका-५ स्थित मलेकपुर कामत टोलमा रहेको धान खेतमा बुधबार दिउँसो एक जना मृत भेटिएका छन् ।

स्थानीय गुलाब सिंहको खेतमा ४५ वर्षीय पुरुष मृत भेटिएका छन् । मृतकको पहिचान भने खुल्न सकेको छैन ।

स्थानीयले खेतमा शव देखेपछि प्रहरी चौकी पत्थरगाढामा खबर गरेका थिए । जिल्ला प्रहरी कार्यालयबाट पुगेका प्रहरी टोलीले कानुनी प्रक्रिया पूरा गरी थप अनुसन्धान भइरहेको डीएसपी जितेन्द्रकुमार बस्नेतले बताए । उनकाअनुसार मृतक मुस्लिम समुदायको जस्तो लुगाका लगाएका छन् ।

## एमाले केन्द्रीय कमिटी बैठक:
# विधान संशोधनसहित आठबुँदे प्रस्ताव पारित

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले) केन्द्रीय कमिटीको नवौं बैठकले पार्टीको विधान संशोधनसम्बन्धी प्रस्तावलाई सुझावसहित सर्वसम्मतिले पारित गरको छ ।

पार्टी अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा पार्टीको केन्द्रीय कार्यालय, च्यासलमा यही साउन ५ र ६ गते बसेको बैठकले मुलुकको समसामयिक राजनीतिक गतिविधि, सरकारको प्रभावकारिता, विधान महाधिवेसनलगायत समसामयिक विषयमा आठबुँदे प्रस्ताव पारित गरको छ ।

यसैगरी, बैठकले पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलाई उच्च सम्मान व्यक्त गर्ने निर्णय गरेको छ । एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले विशेषगरी विधान संशोधनसम्बन्धी प्रस्तावमा घनिभूत छलफल भएको केन्द्रीय कमिटीको बैठकमा २६४ जना सदस्यहरूले आ-आफ्नो धारणा राख्नुभएको र बैठकले आठबुँदे प्रस्ताव पारित गरेको जानकारी दिनुभयो ।

उहाँका अनुसार बैठकमा पार्टी अध्यक्ष एवं प्रधानमन्त्री ओलीले मुलुकको समसामयिक राजनीतिक विकासक्रम, पार्टीलाई अझ सशक्त र लोकप्रिय बनाउने, विधान महाधिवेशनलगायत विषयमा धारणा राख्नुभएको थियो । यसैगरी, केन्द्रीय अनुशासन आयोगका अध्यक्ष केशव वडाल, केन्द्रीय लेखा आयोगका अध्यक्ष प्रा डा पुष्प कँडेल र केन्द्रीय सल्लाहकार परिषद्का अध्यक्ष अमृतकुमार बोहराले आ-आफ्नो आयोगको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।बैठकमा उपाध्यक्ष विष्णुप्रसाद पौडेलले विधान संशोधनसम्बन्धी प्रस्ताव प्रस्तुत गर्नुभएको थियो भने महासचिव शङ्कर पोखरेलले सङ्गठनात्मक कामका बारेमा जानकारी गराउनुभएको थियो ।




केन्द्रीय कमिटीका सदस्यहरूबाट प्राप्त सुझावहरूलाई समावेश गरी विधान संशोधनसम्बन्धी प्रस्ताव पार्टीको प्रदेश र जिल्ला कमिटीहरूमा थप सुझावका लागि पठाइने निर्णय भएको प्रचार विभाग प्रमुख गौतमले जानकारी दिनुभयो ।सो बैठकले एमाले र नेपाली कांग्रेसबीच सम्पन्न सातबुँदे सहमतिको जगमा उभिएर पार्टी अध्यक्ष एवं प्रधानमन्त्री ओलीको नेतृत्वमा बनेको वर्तमान सरकारले बलियो राजनीतिक स्थायित्वको आधार तयार गरी सुशासनसहित देश र जनताका पक्षमा काम गरको ठहर गरेको छ ।

वर्तमान सत्तासहकार्यलाई अझ सुदृढ गर्दै सातबुँदे सहमति कार्यान्वयनमा दृढताका साथ लाग्न र सरकारलाई अझ प्रभावकारी एवं गतिका साथ अगाडि बढाउन बैठकले आह्वान गरेको छ । "महत्वपूर्ण नीतिगत सुधारसहित अर्थतन्त्रलाई लयमा फर्काइएको छ । निजी क्षेत्रमा भरोसा जगाउने र बाह्य लगानी अभिवृद्धि गर्ने काम गरिएको छ । अवरुद्ध विकास निर्माणका कामहरूले गति लिएका छन् । प्रधानमन्त्री केपी शर्मा ओलीको पहिलो कार्यकालमा उच्च प्राथमिकताका साथ दैलेखमा सुरु गरिएको पेट्रोलियम पदार्थको उत्खनन निष्कर्षमा पुगेको छ," एमालेले जारी गरेको प्रस्तावमा उल्लेख छ ।

एमालेले दैलेखमा ५० वर्षसम्मको नेपालको आवश्यकता पूर्ति गर्नसक्ने मिथेन ग्यास भण्डार रहेको तथ्य सार्वजनिक हुनु निकै उत्साहपूर्ण विषय भएको बताएको छ ।बाह्य सम्बन्धमा थप अनुकूलता सिर्जना गर्दै अन्तरराष्ट्रिय मञ्चहरूमा नेपालको उपस्थिति, 'एजेन्डा' र भूमिकालाई प्रभावकारी बनाउन वर्तमान सरकार सफल भएको बैठकले निष्कर्ष निकालेको छ ।

प्रस्तावमा भ्रष्टाचार र अनियमितताप्रति निःसर्त विरोध एवं सुशासन र विधिको शासनप्रति अविचलित निष्ठा पार्टीको आधारभूत मान्यता रहँदै आएको र यसै मान्यतामा उभिएर भ्रष्टाचार विरुद्धका कानुनहरू निर्माण गर्न, नियमनकारी निकायहरूलाई प्रभावकारी बनाउन र समाजमा सुशासनका पक्षमा जनचेतना अभिवृद्धि गर्न पार्टी निरन्तर क्रियाशील रहँदै आएको बताइएको छ
बैठकले नेपाल कम्युनिष्ट पार्टीका संस्थापक महासचिव पुष्पलालप्रति श्रद्धासुमन अर्पण गर्दछ र उहाँको आदर्शलाई पछ्याउँदै नेपाली कम्युनिष्ट आन्दोलनलाई थप सुदृढ, एकताबद्ध र निर्णायक राष्ट्रिय शक्तिका रुपमा विकास गर्ने सङ्कल्प गरेको छ ।

यसैगरी, जलवायु अनुकूलका कार्यक्रमहरुको विस्तार र चुरे क्षेत्रको संरक्षण एवं पुनर्भरणका विशेष कार्यक्रमहरू तत्काल कार्यान्वयन गर्दै तराई मधेशको दीर्घकालीन समस्या समाधान गर्न सरकारसँग माग गरेको छ ।केन्द्रीय कमिटीको बैठकले नेपाली किसानहरूले भोग्नुपरेका समस्याहरूको तदारुकताका साथ समाधान गर्न, किसानको जीवनस्तर माथि उठाउन र खाद्य सुरक्षा प्रत्याभूत गर्न सरकारको ध्यानाकर्षण गरेको छ ।

यसैगरी, गत असार २४ गतेको अविरल वर्षा र बाढीले रसुवामा जनधनको ठूलो क्षति पुऱ्याएकाले पीडितहरूलाई राहत र ध्वस्त संरचनाहरूको पुनर्निर्माणका लागि सरकारको ध्यानाकर्षण गराउँदै मितेरी पुल यथाशीघ्र निर्माणका लागि मित्रराष्ट्र चीनसँग आवश्यक समन्वय र कूटनीतिक पहलका लागि बैठकले आह्वान गरेको छ ।रासस

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : आज जस्तोसुकै अवस्थामा पनि मुद्दा मामिलामा नजानु होला ।
वृष : तपाईको आम्दानी अर्कैले खाइदिने योग समेत बलियो छ ।
मिथुन : मानसिक तनावबाट मुक्त हुन कठिन छ ।
कर्कट : आम्दानीका नयाँ उपाय भेटिनेछ भने पूर्व, दक्षिण तर्फका काममा बढी सफलता पाउनुहुनेछ ।
सिंह : लाभ पाइने अवसर प्रशस्तै छन् ।
कन्या : आकस्मिक रुपमा नगद प्राप्त हुनेछ । अचल सम्पत्तिबाट लाभ पाइने समयछ ।
तुला : कार्यमा अवरोध आउनेछ । वायुरोगले सताउनेछ । परिवारको साथ मिल्नेछ ।
वृश्चिक : पानीमा डुब्ने योग रहेकोछ विशेष सतर्क रहनुहोला ।
धनु : मानसिक प्रशन्नता बढाउने काम हुनेछन् । आर्थिक नयाँ स्रोत पनि बढ्दै जानेछन् ।
मकर : आज निजी सवारी साधनमा टाढाको यात्रा गर्नु ठीक छैन ।
कुम्भ: आश्रित कर्मचारी, पारिवारिक सदस्य बाट राम्रो सहयोग पाइने छ।
मीन : रोजगारीको अवसर मिल्ने छ।

गुरुजीसङ्ग जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ५:०० बजे |
| बिहान पूजा आरती | ८:०० बजे |
| भोगराज लाग्ने समय | ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | १२:०० बजे |
| मन्दिर बन्द हुने समय | १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | ४००: बजे |
| रात्री आरती पूजा हुने समय | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | १०:०० बजे |

जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| बिहान पूजा आरती | ०७:०० बजे |
| बिहान ढोका बन्द | १२:०० बजे |
| अन्न क्षेत्र | निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझा | ०७:३० बजे |

राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | ०५:०० बजे |
| मंगल आरती | ०७:३० बजे |
| महाप्रसाद भोग | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | ०७:०० बजे |
| रात्रि भोग | ०९:०० बजे |
| पट बन्द | ०९:१५ बजे |

# शून्य समयः समसामयिक समस्यामा सदन मार्फत सरकारको ध्यानाकर्षण

काठमाण्डु । सांसदहरुले मधेस प्रदेशमा खानेपानी र सिँचाइको अभाव, पुल निर्माण, अविरल वर्षाका कारण विभिन्न स्थानमा राजमार्ग अवरुद्ध भएकोप्रति सदन मार्फत सरकारको ध्यानाकर्षण गराएका छन् ।

प्रतिनिधिसभाको बुधबारको शून्य समयमा सांसद योगेशकुमार भट्टराईले गए राति अविरल वर्षाले ताप्लेजुङको रानीपुल बगाएको हुनाले आवातजावतमा समस्या भएको बताउनुभयो । उहाँले पहिराले जलविद्युत आयोजनामा समस्या भएको हुनाले तत्काल वैकल्पिक व्यवस्था गरी यातायात सूचारी गरी जोखिमपूर्ण बस्तीलाई सार्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।सांसद भानुभक्त जोशी बझाङमा पुल निर्माणका लागि बजेट २०८२/८३ को बजेट हटाएकोप्रति भौतिक तथा पूर्वाधार मन्त्रालयको ध्यानाकर्षण जनाउँदै तत्काल निर्माणका लागि माग गर्नुभयो ।



सांसद भीमप्रसाद आचार्यले पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान अन्तर्गत सञ्चालित पाटन अस्पतालको क्षमता एक हजार बिरामीकालागि भएको जनाउँदै अस्पतालको पुनः संरचना गर्न माग गर्नुभयो । बाउन्न रोपनी जग्गामा फैलिएको अस्पतालमा हाल चार हजार बिरामी सेवा लिने गरेको जनाइएको छ । सांसद मनबहादुर गुरुङले यही साउन ३ गते बाढीमा आएको धेरै धनको क्षति भएकाले राहत र पुनःस्थापनाको लागि आग्रह गर्नुभयो । सांसद महेन्द्रबहादुर शाहीले कर्णाली कोरिडरमा दैनिक पानी परेका कारण ठाउँठाउँमा सडक अवरुद्ध भएको हुँदा यात्रीको सुविधालाई ध्यानमा राखेर तत्काल सडक निर्माण गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद महेशकुमार बर्तौलाले निर्माण व्यवसायीले आफूले सम्झौता गरेर लिएका काम समयमै सम्पन्न गर्नेतर्फ जिम्मेवार बोध नहुँदा नगर्दा विकास निर्माणको काम अलपत्र परेको बताउनुभयो । उहाँले थाहा नगरपालिकाको टौखेलदेखि वज्रबाराही हुँदै कुन्साल जोड्ने बाटो दुईवर्षअघि ठेक्का भएर १८ महिनामा सम्पन्न गर्नुपर्नेमा अहिले ४५ प्रतिशत काम मात्र सम्पन्न हुँदा तत्काल निर्माण गर्न ध्यानाकर्षण गराउनुभयो ।

सांसद महेश बस्नेतले इलाम सदरमुकाममा रहेको सङ्घीय खानेपानी कार्यालय इलामबाट सार्ने निर्णयले धेरै जनतालाई असर पर्ने भएकाले निर्णय कार्यान्वयन नगरी यथास्थितिमा राख्न माग गर्नुभयो ।सांसद मीना तामाङले नेपालको भौगोलिक संरचनाअनुसार हटाउने भनिएको तुइन विस्थापित गर्ने भएता पनि तुइनबाट धेरै मानिसको मृत्यु र बेपत्ता हुने गरेकोप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद मेटमणि चौधरीले बैंकहरुले ब्याजदर घटाए पनि ऋणको माग हुन नसक्दा लगानी क्षेत्र सङ्कुचन भएको भएको अवस्थामा तरलता आएको हुँदा उद्योग, राष्ट्रिय गौरवको योजना अलपत्र गरेको हुँदा त्यस क्षेत्रमा लगानी बढाउन आग्रह गर्नुभयो ।सांसद मेनुकाकुमारी पोखरेलले दाङ जिल्लाको लमही घोराही सडकमा पर्ने मसुट खोला पुल जीर्ण भएको र अहिलेसम्म मर्मत नभएकोप्रति ध्यानाकर्षण गराउँदै तत्काल निर्माणको माग गर्नुभयो ।

सांसद मैना कार्कीले श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले महिलालाई घरेलु कामदार खाडीमा पठाउने निर्णय गरेको सुनिएकाले सरकारले पठाउने हो भने सम्झौता गरेर मात्र पठाउन सरकारसँग माग गर्नुभयो ।

सांसद मङ्गलप्रसाद गुप्ताले नेकपा (एमाले) को केन्द्रीय कमिटीले गरेको निर्णय उपयुक्त भएको र पदको पर्यादा अनि बलियो नेतृत्व भएका स्थिर सरकार बन्ने विकास हुने बताउनुभयो ।

सांसद योगेन्द्र मण्डलले विगत केही महिनादेखि बानेश्वर चोकलगायतका स्थानमा दिनको २/३ बजेपछि पुरुषजस्तो देखिने सारी लगाएको तराई मूलका जस्ता देखिने व्यक्तिहरुले पैसा माग्ने नदिएको गालीगलोज गर्ने देखिएको र ती व्यक्तिहरु तराईवासी भएको हुँदा तत्काल पत्ता लगाउन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद रणकुमारी वलमपाकी मगरले सदन कानुन बनाउने थलो भए पनि भ्रष्टाचार, विचौलिय, मानव तस्करजस्ता शब्द पटकपटक प्रयोग गर्ने र नभएको विषयलाई सत्यजस्तो देखाउन नहुने बताउनुभयो ।

सांसद रणेन्द्र बरालीले वर्तमान सरकारले हकअधिकारको माग र आन्दोलनलाई खासै वास्ता नगरी अहिले सुनचाँदी व्यवसायीको आन्दोलनलाई बेवास्ता नगर्ने आग्रह गर्नुभयो । सांसद रमा कोइराला पौडेलले श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले भर्खरै बेतन बोर्डको निर्णयले श्रमिकको तलब रु १९ हजार ५५० ज्याला निर्धारण गरेको भएपनि एकदम कम भएको बताउनुभयो ।

सांसद राजेन्द्रकुमार केसीले कृषिबिनाको जीवनको कल्पना गर्न नसकिने अवस्थामा तराईमा ४६ प्रतिशत मात्र रोपाइँ भएको र खानेपानीको समस्या पनि त्यतिकै देखिएकाले समाधानका लागि सरकारसँग विशेष कार्यक्रम ल्याउन माग गर्नुभयो ।

सांसद राजेन्द्रकुमार राईले धनकुटा जिल्लाको सागुडीगडी र चौबिसी गाउँपालिकामा नागरिकता नपाएको आठ दिन भएको हुनाले तत्काल प्रशासकीय अधिकृत पठाउन माग गर्नुभयो ।

सांसद रामकृष्ण यादवले मधेसमा खडेरी र खानेपानीको अभाव भएको हुनाले सङ्कटमा परेको जनतालाई सहयोग गर्नुपर्ने भएकाले तत्काल राहत घोषणा गर्न माग गर्नुभयो ।

सांसद रामप्रकाश चौधरीले तराई मधेसमा खडेरीका कारण धान रोप्न नसकिएको र खानेपानी नपाएर मानिसहरु छटपटिरहेको हुनाले राहत, क्षतिपूर्ति उपलब्ध गराउन माग गर्नुभयो ।

सांसद रामहरि खतिवडाले खानेपानीको अभावले तराईमा समस्या भएको खानेपानीमन्त्रीलाई बोलाएर तत्काल समाधान खोज्न माग गर्नुभयो ।

सांसद रुकमणि राणा बराइलीले मौसमा आएको परिर्वतनका कारण कही बढी पानी र कही खडेरी परेको अवस्था देखिएका तराईमा धान रोप्न नपाउदा खाद्य सङ्कट हुनेप्रति सरकारको ध्यानाकर्षण गराउनुभयो ।सांसद रुपा चौधरीले नेपालमा किशोरी बालबालिकाको डिम्बको अवैध व्यापार भइरहेकोप्रति सम्बन्धित निकायले कानुन निर्माण र संरक्षनात्मक नीति लिन माग गर्नुभयो ।

सांसद रेखा यादवले कमलरीसँग सरकारले गरेको सम्झौता गरेको भए पनि कार्यान्वयनमा नआएको उल्लेख गर्दै कमलरीले सधैँ दास भएर बाँच्नुपर्ने अवस्थाको अन्त्य हुनेपर्ने बताउनुभयो ।

सांसद रेखा शर्माले दाङ जिल्लाको टरीगाउँ विमानस्थल निर्माण अहिलेसम्म पनि नबेकोप्रति सरकारको ध्यानाकर्षण गराउँदै तत्काल उक्त विमानस्थल निर्माणमा ध्यान दिनुपर्ने माग गर्नुभयो ।

सांसद भगवती चौधरीले खेतीपातीका समयमा किसानहरु मलको अभाव भोगिरहेका छन् भने मधेसमा रोपाइँ गर्न नसकिएको हुँदा वैकल्पिक व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।रासस

# 'मधेसको खडेरी सङ्कट समाधान गर्न तीनै तहका सरकारबीच समन्वय आवश्यक'

काठमाण्डु । मधेसी आयोगले मधेस प्रदेशमा देखिएको खडेरीको सङ्कट समाधान गर्न तीनै तहका सरकारबीच प्रभावकारी समन्वयको आवश्यकता औँल्याएको छ । आयोगले बुधाबार प्रेस विज्ञप्ति जारी गरी खानेपानी जस्तो आधारभूत आवश्यकताबाट मधेस प्रदेशका बासिन्दा वञ्चित हुनु मानव अधिकारसँग जोडिएको विषय भएकाले त्यसतर्फ गम्भीर हुन ध्यानाकर्षण गराएको हो । लामो समयसम्म वर्षा नभइ खडेरी परेका कारण मधेस प्रदेशका अधिकांश जिल्लामा भूमिगत जलस्रोतको सहत निरन्तर घटेको, चुरे दोहन र जवलायु परिवर्तनको असरले पानीको सङ्कटलाई थप जटिल बनाएको आयोगका सचिव नरेशराज खरेलद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।




मधेसमा कयौँ स्थानमा स्थानीय तह र प्रदेश सरकारको समन्वयमा दमकल र ट्याङ्करमार्फत खानेपानी वितरण गरिए पनि त्यो पर्याप्त नभएको जनाउँदै आयोगले खानेपानीको अभाव भएका क्षेत्रमा तत्काल सो सुविधा पुऱ्याउन आग्रह गरेको छ । आयोगले खडेरीका कारण बालीनालीमा क्षति व्यहोरेका किसानलाई राहत प्याकेजको घोषणा गरी उचित क्षतिपूर्तिको व्यवस्था गर्न तथा सिँचाइका लागि तत्काल डिप बोरिङ जडान गरी वैकल्पिक सिँचाइको व्यवस्था गर्न माग गरेको छ ।

मधेस-प्रदेशलाई अन्नको भण्डार मानिए पनि मध्यवर्षा आइपुग्दासमेत ५० प्रतिशत भन्दा कम मात्रै रोपाइँ हुनुले खाद्य सङ्कटको जोखिम बढाएको आयोगले जनाएको छ ।

**'खानेपानीको वैकल्पिक व्यवस्था गर्नुस्'**

यसैबीच, आमजनता पार्टीका अध्यक्ष एवं रौतहटका सांसद प्रभू साहले खडेरीका कारण बालीनाली लगाउन नपाएको मात्र नभइ खानेपानीकै हाहाकार भई कतिपय स्थानमा काकाकुलको अवस्था सिर्जना भएकाले तत्काल सरकारलाई त्यसमा ध्यान दिन माग गर्नुभएको छ ।

"राज्यले अप्ठयारोमा परेका किसानलाई सिँचाइ र खानेपानीको वैकल्पिक व्यवस्था गर्नुपर्छ", उहाँले राससँग भन्नुभयो, "मुलुकमा ७६१ वटा सरकार भए पनि किसानलाई तत्काल राहत दिन ती सरकारबीच सहयोग र समन्वयको अभावका कारण जनताले राहत पाउन नसकेका हुन् ।"

खानेपानी जनताको आधारभूत मौलिक हक भएको जनाउँदै सांसद साहले कतिपय गाउँमा खानेपानी ट्याङ्की भए पनि समयमै मर्मतसम्भार हुन नसक्दा समस्या थप जटिल बनेको बताउनुभयो ।रासस

## कमला नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### माचि झिटकहिया, धनुषा
### मधेश प्रदेश, नेपाल

## करारमा सेवा लिने सम्बन्धी सुचना

**प्रथम पटक प्रकाशित मिति २०८२/०४/०८**

यस कमला नगरपालिकाको लागि निम्न बमोजिमको पदमा खुल्ला प्रतियोगिताको माध्यमबाट आ.व. ०८२/०८३ को असार मसान्तसम्मको लागि तपसिल बमोजिमको पदमा करार सेवामा नियुक्ति गर्नुपर्ने भएकोले ईच्छुक नेपाली नागरिकबाट दरखास्त पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.स. | विज्ञापन नं | पद | माग संख्या |
|---|---|---|---|
| १ | ०१/०८२/०८३ | कार्यालय सहयोगी | २० (बिस) |
| २ | ०२/०८२/०८३ | हेभी सवारी चालक | १ (एक) |
| ३ | ०३/०८२/०८३ | हलुका सवारी चालक | ३ (तिन) |
| ४ | ०४/०८२/०८३ | मेस्तर | २ (दुई) |

१. **परिक्षाको किसिम**: अन्तरवार्ता ।
२. **परिक्षा केन्द्र**: सम्पर्क मितिमा तोकिने छ ।
३. **उम्मेदवारको उमेर हद**: दरखास्त दिने अन्तिम मिति सम्म पुरुषको हकमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनु पर्नेछ ।
४. **दरखास्त दस्तुर**: ५०० (पार्च सय) ।
५. **दरखास्त दिने अन्तिम मिति**: २०८२/०४/२३ गते सम्म कार्यालय समय भित्र अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट ।
६. **दरखास्त बुझाउने स्थान**: कमला नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, माचि झिटकहिया धनुषा
७. परीक्षा कार्यक्रम दरखास्त स्वीकृत भएका उम्मेदवारको अन्तरवार्ताको मिति पछि प्रकाशन गरिनेछ ।
८. **आवश्यक न्यूनतम योग्यता**:-
   - कार्यालय सहयोगीको हकमा मान्यता प्राप्त शिक्षण संस्था बाट कम्तिमा ८ (आठ) कक्षा वा सो सरह उत्तिर्ण गरेको ।
   - हेभी सवारी चलाकको हकमा सामान्य लेखपढ गर्न सक्ने र सवारी चालक अनुमती पत्र ।
   - हलुका सवारी चालकको हकमा सामान्य लेखपढ गर्न सक्ने र सवारी चालक अनुमती पत्र ।
   - मेस्तरको हकमा सामान्य लेखपढ गर्न सक्ने ।
९. **आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु**: आवेदक स्वंमले प्रमाणित गरेको देहाय बमोजिमको कागजातहरु
   - नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
   - कामसंग सम्बन्धित अनुभव भए सो संग सम्बन्धित प्रमाणपत्रको प्रतिलिपी,
   - पासपोर्ट साईजको फोटो २ प्रति,
   - शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपी
१०. **सेवा सुविधा तथा अन्य**: प्रचलित स्थानिय सेवाको कानुन बमोजिम एंव नगर कार्यपालिकाको निर्णायानुसार
११. **सेवा अवधि**:- २०८३ असाढ मसान्तसम्म । आवश्यकता अनुसार करार अवधि थप गर्न सकिनेछ ।
१२. थप जानकारीको लागि नगरपालिकाको Website तथा प्रशासन शाखाबाट प्राप्त गर्न सकिनेछ साथै परीक्षा दस्तुर बापतको रकम यस नगरपालिकाको एन आई सी एसिया बैंक सघारा शाखामा रहेको आन्तरिक राजश्च खाता नं. N2CA000907552403 मा जम्मा गर्न सकिने छ ।

**प्रमुख प्रशासकिय अधिकृत**

# सामाजिक सुरक्षा कोषले श्रमिक र परिवारको स्वास्थको सम्पूर्ण जिम्मा लिने

काठमाण्डु । सामाजिक सुरक्षा कोषले योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा आबद्ध श्रमिक र श्रमिकका परिवारको स्वास्थ्य जिम्मा लिने घोषणा गरेको छ । कोषमा बुधबार आयोजित पत्रकार सम्मेलनमा कार्यकारी निर्देशक कविराज अधिकारीले अबको करिब चार वर्षमा श्रमिक र परिवारको स्वास्थ्यको जिम्मा कोषमार्फत राज्यले लिने गरी काम भइरहेको स्पष्ट पार्नुभयो ।

पछिल्लो समय योगदानकर्ताको स्वास्थ्योपचारसम्बन्धी सुविधालाई विस्तार गर्दै लगिएको जानकारी दिँदै कार्यकारी निर्देशक अधिकारीले औपचारिक क्षेत्रका श्रमिकहरूको परिवारमा स्वास्थ्य सेवा विस्तार भई चालु आर्थिक वर्षमा कार्यान्वयनमा आइसकेको बताउनुभयो । "आजभन्दा पाँच वर्ष अगाडि योगदानकर्तामा मात्र सिमित रहेको स्वास्थ्य उपचार सेवा अहिले योगदानकर्ताको परिवारमा समेत विस्तार भइसकेको छ", उहाँले भन्नुभयो, "औषधि उपचारको एक लाखको सीमालाई योगदानकर्ताको हकमा अस्पतालमा भर्ना भई उपचार गराउनुपर्ने भएमा १० लाख सम्मको उपचार खर्चमा ५० प्रतिशत सहभुक्तानी सुविधा समेत उपलब्ध गराइएको छ ।"

पछिल्ला वर्ष रोजगारदाता र योगदानकर्ताको सूचीकरण र योगदान रकम सङ्कलनमा उल्लेख्य वृद्धि भएको जनाउँदै कार्यकारी निर्देशक अधिकारीले वैदेशिक रोजगारीमा रहेका श्रमिकबाट हुने योगदान रकमको नियमितताका लागि प्रयास जारी रहेको बताउनुभयो । गत आवसम्ममा कोषमा २० हजार नौ सय ९१ रोजगारदाता र २३ लाख ७४ हजार चार सय ८६ योगदानकर्ता आबद्ध भएका छन् । सो आवमा मात्रै आठ लाख ८२ हजार नौ सय ४६ श्रमिक कोषमा आबद्ध भएका छन् । सो अवधिमा रु ८३ अर्ब ६५ करोड पुगेको कोषले जनाएको छ ।




नियमित योगदान गरेका योगदानकर्तालाई विभिन्न सामाजिक सुरक्षा योजनाको उपयोग गरेबापत रु १५ अर्व ७५ करोड रकम भुक्तानी गरिएको कोषले जनाएको छ । विशेष सापटी रु छ अर्ब ९० करोड, घर सापटी १३ करोड र शैक्षिक सापटी एक करोड गरी कूल ३४ हजार ९७ योगदानकर्तालाई सात अर्व चार करोड भुक्तानी भएको कोषका प्रवक्ता कृष्ण अधिकारीले जानकारी दिनुभयो ।रासस

# लेखा समिति बैठक : अदालतमा विचाराधीन विषयमा छलफल नगर्ने

काठमाण्डु । डोल्पा जिल्लामा निर्माण गर्ने भनिएको १०६ मेगावाट उत्पादन क्षमताको जगदुल्ला जलविद्युत् आयोजनाको ठेक्का विवादबारे प्रतिनिधिसभाअन्तर्गतको सार्वजनिक लेखा समितिले छलफल नगर्ने भएको छ ।

बुधबार बसेको लेखा समितिको बैठकले जगदुल्लाको खरिद प्रक्रिया विवाद अदालतमा विचाराधीन रहेकाले समितिमा छलफल नगर्ने निर्णय गरेको हो । "मुद्दा अदालतमा विचाराधीन नै रहेकाले लेखा समितिले यस विषयमा थप छलफल अगाडि बढाइरहनुपर्ने स्थिति देखिएन । कम्पनी आफैँले जिम्मेवारी लिनेगरी आवश्यक प्रक्रिया अगाडि बढाउन समिति निर्देश गर्दछ", समितिको आजको बैठकको निर्णय सुनाउनुहुँदै सभापति ऋषिकेश पोखरेलले भन्नुभयो ।



जगदुल्ला जलविद्युत् आयोजनामा सार्वजनिक खरिद ऐनविपरीत बोलपत्र प्रक्रिया अघि बढेको भन्दै सिउ इन्फ्रास्ट्रक्चर लिमिटेड र हाई हिमालय हाइड्रो कन्स्ट्रक्सनले उच्च अदालत पाटनमा मुद्दा दायर गरेका थिए ।

त्यस्तै, अधिवक्ता सन्तोष आचार्यले २०८२ जेठ २२ गते ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालय, सार्वजनिक खरिद अनुगमन कार्यालय, जगदुल्ला हाइड्रोपावर लिमिटेड, एनके कन्स्ट्रक्सन प्रालि, ज्याङ्सी कन्स्ट्रक्सन इञ्जिनियरिङ ग्रुप कर्पोरेसन लिमिटेडलगायतलाई विपक्षी बनाई सर्वोच्च अदालतमा मुद्दा दायर गरेका थिए । उक्त मुद्दा अहिले सर्वोच्चमा विचाराधीन छ ।

नेपाली कम्पनी एएनकेसँग संयुक्त उपक्रम (जेभी) गरेको चिनियाँ कम्पनी जियाङ्सी कन्स्ट्रक्सन इञ्जिनियरिङ ग्रुप कर्पोरेसन (जेसीइ) ले कीर्ते र नक्कली कागजात बनाएर ठेक्का हात पार्न खोजेको भन्दै अदालतमा मुद्दा दायर छ । यस विषयमा लेखा समितिमा मात्र नभई अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सार्वजनिक खरिद अनुगमन कार्यालय, नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोलगायतका निकायहरुमा पनि उजुरी परेको थियो ।

बुधबारको बैठकमा समितिका अधिकांश सदस्यहरुले अरु निकायमा छानबिनका क्रममा रहेको र सर्वोच्च अदालतमा मुद्दा परेको विषयमा लेखा समितिले छलफल गर्न उपयुक्त नहुने धारणा राखेका थिए । त्यस्तै, लेखा समितिमा परेको उजुरीमा उजुरीकर्ताको पहिचान स्पष्ट नखुलेका कारण यस्ता प्रकृतिका उजुरीलाई समितिले कुन रुपमा लिने भन्ने विषयमा पनि छलफल भएको थियो ।

समितिले ठेक्का प्रक्रियामाथिको उजुरीबारे बुधबार सार्वजनिक खरिद अनुगमन कार्यालयका सचिव मुकुन्दप्रसाद निरौला, ऊर्जा सचिव सुरेश आचार्य र जगदुल्ला हाइड्रोपावर कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत सञ्जय सापकोटालाई बोलाएर छलफल गरेको थियो ।


उक्त छलफलका क्रममा सार्वजनिक खरिद अनुगमन कार्यालयका सचिव निरौलाले जगदुल्लाको खरिद प्रक्रियामा कीर्ते र नक्कली कागजात प्रयोग भएको विषयमा उजुरी परेपनि कार्यालय छानबिन गर्ने निकाय नभएकाले सो विषयमा थप प्रक्रिया अघि नबढाइएको बताउनुभयो । अख्तियार, सिबिआइजस्ता निकायले अनुसन्धान गर्नुपर्ने भन्दै कार्यालयले जवाफ पठाएको उहाँको भनाइ छ ।

त्यस्तै, ऊर्जा मन्त्रालयका सचिव आचार्यले जगदुल्लाको ठेक्का प्रक्रिया विवाद सतहमा आए पनि कम्पनीका प्रमुख कार्यकारी अधिकृतलाई मन्त्रालयमा बोलाएर जानकारी लिएको बताउनुभयो । कम्पनी ऐनअनुसार दर्ता भएको जगदुल्ला हाइड्रोपावर लिमिटेडले आफ्नो खरिद प्रक्रिया आफै अघि बढाउने भएकाले मन्त्रालयले यसमा भूमिका नहुने उहाँको भनाइ थियो ।

त्यस्तै, जगदुल्ला हाइड्रोपावर लिमिटेडका प्रमुख कार्यकारी अधिकृत सापकोटाले ठेकेदार कम्पनीले बोलपत्र पेस गर्दा पेस गरेका काजगात नक्कली र कीर्ते हो वा होइन भनेर विभिन्न तरिकाले जाँचबुझ गरेको बताउनुभयो । आयोजनाको भौतिक निर्माणका लागि २०८० जेठ २० गते ग्लोबल टेण्डर आह्वान भएको थियो । उक्त खरिद प्रक्रियामा भाग लिएका चारवटा कम्पनीमध्ये दुईवटा प्राविधिक रुपमा सक्षम भएको र दुईवटा असक्षम भएको उहाँको भनाइ छ ।

जगदुल्ला जलविद्युत् कम्पनीमा विद्युत् उत्पादन कम्पनी लिमिटेडको २६, हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको १०, नेपाल विद्युत् प्राधिकरणको नौ, कर्णाली प्रदेशको पाँच र जगदुल्ला र मुड्केचुला गाउँपालिकाको एक प्रतिशत शेयर स्वामित्व रहने गरी लगानी संरचना तयार गरिएको छ । बाँकी ४९ प्रतिशत सार्वजनिक निष्कासनमा जानेगरी शेयर संरचना बनाइएको छ ।

डोल्पा जिल्लाको जगदुल्ला गाउँपालिका र मुड्केचुला गाउँपालिकामा बनाउने । रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# अप्ठ्यारोमा भण्डारी

पूर्वराष्ट्रपति विद्या देवी भण्डारी सम्माननीय पद परित्याग गरी पार्टी राजनीतिमा सक्रिय हुने चाहनाको कारण अहिले अप्ठ्यारोमा परेकी छन् । देशको प्रथम राष्ट्रपति डा.रामवरण यादव सक्रिय राजनीतिमा फर्केका छैनन् । उनी एक कार्यकाल मात्र राष्ट्रपति रहे । भण्डारी दुई कार्यकाल राष्ट्रपति बनिन् । राष्ट्रपतिबाट हटेपछि उनी सक्रिय राजनीतिमा रहने इच्छालाई रोक्न सकिनन् । माउ पार्टी नेकपा एमालेबाट नै सक्रिय राजनीतिमा फर्कने घोषणा गर्दै सम्माननीय पदको सबै सेवा, सुविधाहरु परित्याग गरेकी भण्डारी अहिले राजनीतिक रुपमा अप्ठ्यारोमा परेकी छन् । एमालेको राजनीतिमा भण्डारी महिला अखिल महिला संघकी केन्द्रीय अध्यक्ष र एमालेको उपाध्यक्ष सम्म भएकी थिइन् । पार्टीमा सक्रिय रहेको बखत पनि उनी एउटा विवादमुक्त रहेकी थिइनन् । एमाले विभाजनको बेला पनि उनको भूमिका एकपक्षीय रहेको थियो । राष्ट्रपतिको रुपमा समेत उनी विवादरहित हुन सकेनन् । संसद विघटन, राष्ट्रपतिबाट हुने राष्ट्रिय सभामा मनोनयन, संवैधानिक निकायमा नियुक्ति, नागरिकता विधेयक फिर्ता र पुनःसंसदले पारित गरेपछि प्रमाणित नगर्ने लगायतका कयौँ विषयहरुमा उनी विवादित बनिन् । राष्ट्रपतिको रुपमा पनि उनले एमाले पार्टीको नेताको भूमिका निर्वाह गरेको आरोप विपक्षी दलहरुले लगाए । तर उनी राष्ट्रिय अभिभावकको भूमिका निर्वाह गर्न सकिनन् । पार्टी नेताको रुपमा काम गर्दा उनको राष्ट्रपति कार्यकाल विवादित बन्यो । तर उनी राष्ट्रपतिको पदीय दात्वि भन्दा पार्टी हितलाई प्राथमिकतामा राखिन् । एमाले र माओवादी मिलेर नेकपा बनेको बखत पनि उनले त्यसलाई जोगाउने भूमिका निर्वाह गरिनन् । नेकपा एमालेबाट माधव कुमार नेपाल, झलनाथ खनाल सहितका नेताहरु पार्टी विभाजन गर्दा भण्डारीको भूमिका एकपक्षीय रहेको आरोप लागेको थियो । अहिले उनी सक्रिय राजनीति गर्ने चाहना राख्दा फेरि विवादमा तानिएकी छन् । प्रधानमन्त्री समेत रहेका एमालेका अध्यक्ष केपी शर्मा ओलीले उनलाई पार्टीमा सक्रिय भूमिकाको विरोधमा छन् । राष्ट्रपति र उपराष्ट्रपति भइसकेका व्यक्ति फेरि राजनीतिमा सक्रिय हुनु उपयुक्त नहुने सुझाव ओलीले भण्डारीलाई दिएका छन् । हुन त एमालेमा भण्डारीको पक्षमा पनि नेताहरु नभएका होइनन् । तर उनीहरु अध्यक्ष ओलीको अगाडि टिक्न सक्ने छैनन् । एमाले विभाजनको बेला माधव कुमार नेपाल समुहमा रहेका सुरेन्द्र पाण्डे, रघु पन्त लगायतका कयौं नेता अन्तिममा एमालेमै रोकिएका थिए । प्रधानमन्त्री ओलीको विरोध गर्ने भीम रावललगायतका नेताहरु बिचल्लीमा परेका छन् । अपहेलित भएर घनश्याम भुषाल नेकपा एसमा लागेका छन् । अध्यक्ष ओलीले आफ्ना विरोधीलाई पार्टीबाट अलग गरेका छन् अथवा भूमिका विहिन अपमानित अवस्थामा राखेका छन् । श्रीमती भण्डारीलाई पनि अध्यक्ष ओलीले पार्टीको राजनीतिमा छिर्न दिने सम्भावना न्यून देखिएको छ । भण्डारी अहिले अत्यन्त अप्ठ्यारो अवस्थामा पुगेकी छन् ।

# कम्युनिस्ट पार्टीमा जनवाद समाप्त भयो, केन्द्रीयता मात्रै बाँच्यो



जनार्दन शर्मा 'प्रभाकर'

समयको आफ्नो गति हुन्छ । बितेको समय इतिहास बनेर पर्खिराख्छ । वर्तमानको समयले सपनाहरू देख्छ । भविष्य सपनाको कार्यान्वयनको महत्त्वाकांक्षा र आकांक्षा बोकेर बसेको हुन्छ ।

कमरेड पुष्पलाल, जसले नेपालमा सर्वहारा वर्गको अग्रदस्ता निर्माण गर्ने, त्यसको स्थापना गर्ने कार्यको नेतृत्व गर्नुभयो । उहाँ लगायत सम्पूर्ण संस्थापकहरूमा हार्दिक सम्मान र श्रद्धा सुमन व्यक्त गर्न चाहन्छु ।

मैले आफूलाई अन्जानमा यो आन्दोलनमा समाहित गर्दैगर्दा, युवा अवस्थामा वर्ग र समाजका लागि कफन बाँधेर हजारौं योद्धाहरूको बिचमा लडाइँको मोर्चामा अगाडि बढ्दैगर्दा म आफूलाई अत्यन्त खुसी र उत्साहित पाउँथें । गर्वका साथ मैले आफ्नो ड्युटी पूरा गर्थें । आज पुँजीवादी जनवादी क्रान्तिले एउटा चरण पार गरिसकेपछि चौबाटोमा हराएको बटुवाजस्तो यता जाउँ कि उता जाउँ भनेर अल्मल्लिरहेको कम्युनिस्ट आन्दोलनको एउटा सदस्यका नाताले मैले आफैंप्रति एउटा प्रश्न गरिराखेको छु- किन हामी चौबाटोमा अल्मलिएका छौं ? यो भौतारिँदै गरेको अवस्थाबाट कसरी मुक्ति मिल्न सक्छ ?

कुन दिशा समातेर अगाडि बढ्ने भन्ने परिस्थिति अहिले हाम्रो अगाडि छ । सहिदहरूले गरेको बलिदानी, घाइते योद्धाहरूको त्याग, उत्पीडित वर्ग, समुदाय, जातिले हामीप्रति गरेको विश्वासका आधारमा आफैंलाई नियालेर हेर्दा हामीले कति घोकाएका, कति आफैं जानेका आश्वासनहरू बाँड्दै आन्दोलनलाई अगाडि बढाइरहेको त्यो क्षणलाई सम्झँदै यतिवेला आफैं साँच्चिकै आन्दोलनको जीवनको कठघरामा उभिएको मैले महसुस गरिरहेको छु । यो कठघराबाट आन्दोलनलाई, इतिहासलाई, इतिहासका यी प्रश्नहरूलाई जबाफ दिन हामी सक्छौं कि सक्दैनौं ? आज प्रश्न हामीतिर सोधिएका छन् । हामीतिर सोधिएका प्रश्नहरूको सही उत्तर दिन सक्ने आँट हामीले गर्छौं कि गर्दैनौं ?

हुन त हामी वर्तमान नेतृत्वका सहयात्री, सहयोद्धा पनि हौं । उहाँहरूभन्दा थोरैमात्रै पछि जन्मेका हौंला, तैपनि दोस्रो पुस्ता भन्ने गरिएको छ । हाम्रो जिम्मेवारी आज इतिहासले गरेका प्रश्नको उत्तर दिन तयार हुने कि नहुने भन्ने प्रश्न धेरै महत्त्वपूर्ण र चुनौतीपूर्ण छ । प्रश्नको उत्तर नदिउँ, नेपाली जनताको आशा र विश्वास कम्युनिस्ट आन्दोलनप्रति हराउँदै जाने खतरा बढिरहेको छ । दिउँ भने उत्तर कतिपयलाई मन पर्दैन, तर व्यक्ति विशेषलाई मन पर्ने वा नपर्ने कुरा होइन । इतिहासप्रति बेइमानी गर्न पाइँदैन । उत्तर दिनैपर्छ भन्ने मैले बुझेको छु । यो विश्वासको कुरा हो । यो वर्गप्रतिको प्रतिबद्धताको कुरा हो । यो आफ्नो जीवनलाई, आन्दोलनमा बाँकी जीवनलाई समर्पण गर्ने सङ्कल्पको कुरा हो । सायद त्यही सङ्कल्प नै उत्तर हो भन्ने मलाई लागिराखेको छ । यद्यपि कतिपय विषय होलान् । म केही अनुभूतिका कुरा गर्नेछु ।

पुष्पलालले नै तय गरेको कार्यदिशाका आधारमा जनयुद्धको बाटोबाट अगाडि बढ्ने सङ्कल्प गरेर अध्यक्ष प्रचण्डकै नेतृत्वमा हामी अगाडि १० वर्षे जनयुद्धमा अगाडि बढ्यौं ।

पार्टी स्थापना गरेर अगाडि बढ्दै गर्दा कमरेड पुष्पलालले झेल्नुभएका समस्याहरू, सङ्कटहरू, हेपाइहरूलाई पार गर्दै उहाँले कम्युनिस्ट आन्दोलनको पहिलो पुनर्गठन २०२५ सालमा गर्नुभयो । नयाँ जनवादी क्रान्तिको कार्यदिशामार्फत सामन्तवादका विरुद्ध लड्ने कुरालाई सँगै पञ्चायतका विरुद्ध लड्नका लागि कांग्रेससँगको संयुक्त मोर्चाको कुरा कम्युनिस्ट मेनिफेस्टोको नेपालीमा अनुवाद गरेर प्रचार लगायतका महत्त्वपूर्ण रणनीतिक कार्यहरू उहाँले गर्नुभएको थियो । सम्भवतः पुँजीवादी जनवादी क्रान्ति सम्पन्न हुने चरणसम्म उहाँको मार्गनिर्देशनमा कम्युनिस्ट आन्दोलन आजको दिनसम्म अगाडि बढेको छ भन्नुपर्दछ ।

यो कम्युनिस्ट आन्दोलनलाई दोस्रो पुनर्गठनको रूपमा हामीले ४६-४७ को समयलाई भन्ने गरेका छौं, हेर्ने गरेका छौं । त्यहाँ दुई वटा धारा पुनर्संगठित भएका छन् ।

पुष्पलालले नै तय गरेको कार्यदिशाका आधारमा जनयुद्धको बाटोबाट अगाडि बढ्ने सङ्कल्प गरेर अध्यक्ष प्रचण्डकै नेतृत्वमा हामी अगाडि १० वर्षे जनयुद्धमा अगाडि बढ्यौं । जसले यो देशका उत्पीडित जाति, वर्ग, क्षेत्र, लिङ्ग, समुदाय सबैलाई उत्साहित, संगठित, सचेत र आफ्नो अधिकारको लागि लड्न योग्य बनायो, सक्षम बनायो । सामन्तवादका जरा काट्दै त्यसलाई गाउँघरबाट लखेट्दै अगाडि जाने क्रममा संसदीय दलहरूलाई समेत राजतन्त्रका विरुद्ध ल्याउने एउटा मार्ग देखायो । त्यसको बलमा, जनयुद्धको जगमा जनआन्दोलनबाट राजतन्त्र अन्त्य भयो । संविधान सभामार्फत हामीले नयाँ संविधान बनायौं । संविधानमा हामीले धेरै कुरा लेख्यौं । जनताका धेरै अधिकार लेखेका छौं ।

आज इतिहासको सबैभन्दा कटु प्रश्न, कम्युनिस्ट पार्टीप्रति सोझिएको प्रश्न हो- नौ-नौ पटक सरकारको नेतृत्व गर्दा हामीले के दियौं ? के बदल्यौं ?

सैद्धान्तिक रूपले वास्तवमा जनवादी क्रान्तिका अथवा पुँजीवादी जनवादी क्रान्तिका जनताले पाउनुपर्ने सबै अधिकार त्यसमा उल्लेख छन् । ती मौलिक अधिकारको रूपमा संविधानका ३१ वटा धारामा हामीले उल्लेख गरेका छौं । राज्यको पुनर्संरचना आंशिक रूपमा हामीले गरेका छौं । संघीय प्रणालीको कुरा हामीले अगाडि बढाएका छौं । समानुपातिक समावेशी प्रणालीलाई स्थापित गरेका छौं । आज यहाँसम्म आइपुग्दा नौ पटक (संख्या तलमाथि पर्ला कि !) कम्युनिस्ट पार्टीको नेतृत्वमा सरकार बनेको छ । नौ पटक कम्युनिस्ट पार्टीको नेतृत्वमा सरकार बनिरहँदा आज बहुआयामिक गरिबीको जो अवस्था छ, उत्पीडित जाति, दलितहरूमाथिको अत्याचार जो भइराख्या छ । आज महिला हिंसाको अवस्था जे छ, विभिन्न जाति-जनजातिहरूका आफ्ना पहिचानका मुद्दा जसरी हराइराखेका छन्, लाखौं लाख हाम्रा सहयोद्धा, युवा, भाइछोराहरू आज विदेशमा गएर विदेशको भूमिमा श्रम पसिना बगाइरहेका छन् ।

आज हाम्रो देशको जमिन बाँझो छ । खण्डहर बन्दैछ । यो अवस्थामा आज हामी छौं । आज इतिहासको सबैभन्दा कटु प्रश्न, कम्युनिस्ट पार्टीप्रति सोझिएको प्रश्न हो- नौ-नौ पटक सरकारको नेतृत्व गर्दा हामीले के दियौं ? के बदल्यौं ? के पूरा गर्‍यौं वा किन गरिनौं ? यो प्रश्न गम्भीर छ । यो राष्ट्र निर्माणसँग सम्बन्धित, समाज परिवर्तनको एउटा नयाँ अभियानसँग सम्बन्धित, नयाँ विचार निर्माणसँग सम्बन्धित, समृद्धि, सुशासन, सामाजिक, सांस्कृतिक रुपान्तरणको अभियानसँग सम्बन्धित प्रश्न हो ।

> बिस्तारै पार्टीमा नेतृत्वको वरिपरि गोलबन्द हुने र नेतृत्वको जयजयकार गर्ने, दलाली गर्ने नतमस्तक प्रस्तुत गर्ने एउटा प्रवृत्तिको विकास भयो ।
> स्वाभाविक रुपलेनेतृत्वमा पनि जसले नजिकबाट प्रशंसा गर्छ, उसैलाई आशिर्वाद दिने खालको प्रवृत्ति मौलायो । त्यो प्रवृत्तिले आज कम्युनिस्ट सत्व हराएको छ ।

यो प्रश्नको उत्तर आजका कम्युनिस्ट पार्टीहरूले दिनुपर्दछ । यो प्रश्नको जबाफ दिनका लागि कम्युनिस्ट पार्टीमा हामी आबद्ध छौं । हामी आ-आफ्ना पार्टीभित्रका हाम्रा आचरणहरूलाई, हाम्रा व्यवहारहरूलाई, हाम्रा तरिकाहरूलाई फेर्न सक्छौं कि सक्दैनौं भन्ने मुख्य कुरा हो ।

संविधानले समाजवाद उन्मुख अर्थतन्त्र भनेको छ, तर राज्यका ऐन, कानुन, नियमहरू सो अनुरुप छैनन् ।

हामीले फेर्न सक्दा यसको उत्तर आउनेछ । फेर्न नसक्दा यथास्थितिको आज गोल्चक्करमा कम्युनिस्ट आन्दोलन जहाँ हराउँदै छ, त्यहीं विघटन भएर समाप्त हुनेछ । यसलाई विघटन हुन दिने कि जनताको नयाँ विकल्पको रूपमा, जनताको नयाँ मार्गदर्शनको रूपमा, जनताको नयाँ विश्वासको रूपमा अगाडि लैजाने भन्ने प्रश्न खडा भएको छ । यही वरिपरिको बहस सायद यो स्कुल अफ मार्क्सिजमले गर्न खोजेको हो र हामीलाई बोलाएर यहाँ कठघरामा उभ्याइराखेको छ ।

संविधानले समाजवाद उन्मुख अर्थतन्त्र भनेको छ, तर राज्यका ऐन, कानुन, नियमहरू सो अनुरुप छैनन् । सो अनुरुप हामीले बनाएका छैनौं । हामी संसदमा छौं, सरकारमा छौं । हामीले त्यो बनाएका छैनौं । यहाँको जनताको जीवन, श्रमिकहरूको जीवन बदल्नेतिर होइन, ती ऐन कानुनहरू यहाँका दलाल पुँजीपति वर्गको पक्षपोषण गर्ने, उनीहरूको लुट र ब्रम्हलुटलाई टेवा पुर्‍याउने खालका आधारका रूपमा तयार भएका छन् । समाजवाद सम्बन्धी संवैधानिक स्वीकारोक्तिलाई आज कार्यान्वयन गर्न सक्ने हैसियतमा कम्युनिस्ट पार्टीहरू देखिएन, सम्भव भएनन् । सबैभन्दा ठुलो अहिलेको समस्या भनेको यही हो ।

यसलाई कसरी सुधार गर्ने ? राज्य पुनर्संरचनाको कुरा हामीले गरेका थियौं । राज्य पुनर्संरचनाको कुरा अगाडि बढ्दै गर्दा त्यसलाई पूर्ण रूपमा पुनर्संरचना गर्नेतिर हामी लागेनौं । हामी हतारहतारमा सत्ताको कुर्सी प्राप्त गर्नेतिर लाग्यौं । सत्ताको कुर्सी प्राप्त गर्नका लागि राज्य पुनर्संरचनाको एजेन्डालाई हामीले थाँती राख्दियौं । जसले गर्दा नयाँ संविधानको कार्यान्वयन गर्न आवश्यक पर्ने राज्य संयन्त्र, संरचना, संस्थाहरू पुरानै माइन्डसेटमा रहे ।

राज्य पुनर्संरचनाको एजेन्डालाई छोडेर जसरी हामीले संविधान बनायौं, त्यसले उत्पन्न गरेको एउटा ठुलो समस्या आज हामीले भोगिराखेका छौं ।

त्यो पूरानै माइन्डसेटको संस्था र संरचनाहरू नयाँ संविधानको कार्यान्वयन, जनताको अधिकारको कार्यान्वयन गर्ने मामिलामा किञ्चित तयार छैनन् । बरु राजनीतिक नेतृत्व उनीहरूका कारिन्दाजस्ता भएर अगाडि बढ्ने परिस्थिति आयो । पुरानै राज्य संयन्त्रले राजनीतिक नेतृत्वलाई नै परिचालन गर्‍यो । आज व्यक्तिगत हित, स्वार्थमा पार्टनरसिप गरेर एकले अर्कालाई प्रशंसा गर्ने, एकले अर्कालाई रक्षा गर्ने खालको अवस्था सिर्जना भयो । यो दुर्भाग्यपूर्ण स्थिति हो ।

राज्य पुनर्संरचनाको एजेन्डालाई छोडेर जसरी हामीले संविधान बनायौं, त्यसले उत्पन्न गरेको एउटा ठुलो समस्या आज हामीले भोगिराखेका छौं । त्यसैगरी आन्दोलनका समयमा, शान्ति प्रक्रियामा आएपछि हामीले जनतालाई बाँडेका आश्वासन अथवा हामीले संविधानमा लगेका मौलिक अधिकार अथवा एजेन्डाहरूको बारेमा पार्टीमा छलफल र बहस हुनुपर्थ्यो । यो देशको अर्थतन्त्रलाई कसरी विस्तार गर्ने ? कसरी त्यसलाई समृद्ध गर्ने ? आज विदेशमा रहेका लाखौं युवा त्यहाँ जानु परेको कारण के हो ? तिनलाई हाम्रो देशमा भएका पर्याप्त साधन स्रोतहरूको उपयोग गरी, त्यसलाई परिचालन गरी, त्यसको सकारात्मक दोहन गरी लाखौं रोजगारी निकाल्न के-के गर्नुपर्छ भनेर पार्टीमा यी एजेन्डा बन्नुपर्थ्यो । पार्टीमा यी एजेन्डा बनेर घण्टौं, धेरै दिनसम्म बहस हुनुपर्थ्यो ।

तर हामीले त्यो गर्ने कष्ट कहिल्यै गरेनौं । हामीले बहस त गर्‍यौं । हामीले चार महिनाको पनि बहस गर्‍यौं, तर बहस केमा गर्‍यौं ? कसलाई कुन पदमा राख्ने ? कसलाई कुन मन्त्री बनाउने ? कसलाई के नियुक्त गर्ने भन्ने कुरामा हाम्रा बहस भए । हाम्रा बहस गठबन्धन आफ्नो नेतृत्वमा कसरी ल्याउने ? ल्याइसकेपछि कसरी टिकाइराख्ने ? कसरी राज्यको दोहन गर्ने ? कसरी विनालगानी अरबपति बन्ने भन्ने खालका चरित्रहरू देखा परे । यो वास्तविकता हो ।

आज कम्युनिस्ट पार्टीभित्र आलोचना सुन्न पनि सकिँदैन । प्रश्न सुन्न पनि तयार भइँदैन । जनताले प्रश्न गर्छ । हामी कान थुनेर बस्छौं ।

यो बहसबाट पार्टीको सिङ्गो शक्तिलाई यो परिवर्तनको बाहक बनाएर अगाडि लग्ने कुरामा बाधा पर्‍यो । बिस्तारै पार्टीमा नेतृत्वको वरिपरि गोलबन्द हुने र नेतृत्वको जयजयकार गर्ने, दलाली गर्ने नतमस्तक प्रस्तुत गर्ने एउटा प्रवृत्तिको विकास भयो । स्वाभाविक रूपले नेतृत्वमा पनि जसले नजिकबाट प्रशंसा गर्छ, उसैलाई आशिर्वाद दिने खालको प्रवृत्ति मौलायो । त्यो प्रवृत्तिले आज कम्युनिस्ट सत्व हराएको छ । कम्युनिस्ट पार्टीभित्र आलोचनाको महत्त्व छ । आलोचना महत्त्वपूर्ण सहयोग हो । प्रश्नहरू महत्त्वपूर्ण शिक्षा हुन् । आज कम्युनिस्ट पार्टीभित्र आलोचना सुन्न पनि सकिँदैन । प्रश्न सुन्न पनि तयार भइँदैन । जनताले प्रश्न गर्छ । हामी कान थुनेर बस्छौं । यो खालको मनोवृत्ति विकास हुँदा पार्टीमा जनवादी केन्द्रीयताको कुरा हामीले गरिरहेका छौं । जनवाद समाप्त भयो । केन्द्रीयतामात्रै बाँच्यो । केन्द्रीयता केन्द्रीयतामा रहेन, नोकरशाही केन्द्रीयतामा बदलियो । नोकरशाही केन्द्रीयतामा सीमित भएन । त्यो सामन्ती निरंकुशतामा बदलियो । कम्युनिस्ट पार्टी फेरि सामन्ती झुण्डहरू जस्ता बन्न थाले । यो आजको अवस्था हो । यसमा मेरो ठाउँमा मेरा गल्ती छन् । त्यसको प्रतिशत मैले पनि लिनुपर्छ ।

म कसै व्यक्ति विशेषलाई दोष लगाइरहेको छैन । कुनै एउटा व्यक्तिको कुरा होइन । यो प्रणालीमा यो खालको परिस्थिति पैदा भइसकेपछि यसलाई बदल्ने कसरी भन्ने बहस आजको आवश्यकता हो । यो प्रणालीलाई बदल्न संसदमा बहसको कुरा म गर्न चाहन्छु । संसद जनतालाई स्कुलिङ गर्ने एउटा थलो हो, विश्वविद्यालय हो । राष्ट्रिय-अन्तर्राष्ट्रिय र एउटा सन्देश दिने थलो हो संसद भनेको, तर संसदमा हामीले गरेका दुई वटामात्रै बहस छन् । देशको अर्थतन्त्रबारे १५ दिन लगातार हामीले कहिल्यै बहस गरेनौं । देशको बेरोजगारी अन्त्य गर्ने बहस हामीले कहिल्यै गरेनौं ।

देशमा दलितहरूले अहिले खेपेको उत्पीडन, अत्याचार अन्त्य गर्नेबारे, यो जात प्रथाको अन्त्य गर्नेबारे हामीले कहिल्यै पनि छलफल गरेनौं । महिला हिंसा दिनदिनै बढ्दै गएको बारेमा हाम्रो कहिल्यै लामो बहस भएन । कुनै घटनाक्रममा इस्यु उठायौं होला । बहस भएन । बहस केमा गर्‍यौं ? मेरो गठबन्धन बलियो छ । मेरो सरकार बलियो छ । तेरो सरकार ढाल्छु । मेरो सरकार ढाल्न दिन्नँ । यही दोहोरीमा हामीले समय खर्च गरेका छौं ।

मैले गरेको छु भने देखियोस्, अरुले गरेका छन् भने देखियोस् । पहिले जनतामा पारदर्शिता, सुशासन हामीले भित्रबाट सुरु गर्नुपर्छ ।

दोस्रो कुरा, मेरो निर्वाचन क्षेत्रमा बजेट किन छैन ? तेरोमा किन छ ? म च्यात्छु भनेर च्यात्ने । अनि यो संस्कारले, यो स्कुलिङले जनतालाई फ्रस्टेसन बाहेक के हुन्छ ? जनताको प्रतिनिधि भनेर हामी त्यहाँ गएका हौं, त्यसको सदुपयोग भएको छैन । त्यसको नेतृत्व प्रणाली नै त्यस्तो छ । त्यसको त्यहाँको ह्विप प्रणाली नै त्यस्तो छ । त्यसले कतिपय अवस्थामा आफ्ना विचारहरूलाई स्वतन्त्र रूपले राख्न पनि त्यहाँ वर्जित गर्छ । अर्कोतिर पार्टी र संसदमा राष्ट्रका एजेन्डाहरूमा बहस नहुने, देशका आवश्यकताहरूको बारेमा बहस नहुँदै गर्दा परिणाम आएन भनेर हामीले कसलाई प्रश्न गर्ने ? परिणाम आउने त कुरै भएन । त्यसकारण आजको संसदीय व्यवस्थाले दलाल पुँजीपति वर्गको वित्तीय पुँजीवादलाई मलजल गरिरहेको छ ।

भ्रष्टाचारको कुरा पनि छ । मुख्य नेतृत्वले साँच्चिकै भ्रष्टाचार नगर्ने भयो भने ६० प्रतिशत भ्रष्टाचार त्यसै घट्छ । त्यो संयन्त्रको राम्रो निगरानी गर्ने संयन्त्र बनाउने हो भने २० प्रतिशत त्यसै घट्छ । ८० प्रतिशत भयो । बाँकी २० प्रतिशत जनताको चेतना, जनताको शक्तिसहित घटाउन सकिन्छ । तर आज भ्रष्टाचार दिन दुई गुना, रात चौ गुनाका दरले बढिरहेको छ । खुल्लमखुल्ला भ्रष्टाचार भइरहेको छ । यो भ्रष्टाचार भइरहेको त सबैले भन्छन् । मैले पार्टीमा भनें, हाम्रो सम्पत्ति छानबिन गरौं पहिला । पार्टीका नेताहरूको सम्पत्ति छानबिन गरौं । पार्टीले गर्ने होइन । स्वतन्त्र व्यक्तिहरू ल्याएर गरौं ।

मैले गरेको छु भने देखियोस्, अरुले गरेका छन् भने देखियोस् । पहिले जनतामा पारदर्शिता, सुशासन हामीले भित्रबाट सुरु गर्नुपर्छ । नारा सुशासन दिने मनमोहन अधिकारी बाहेक अरु बाँकी देशका नेताहरूले असुली धन्दा गरेकै कुरा ठहर छ । असुली धन्दा भएकै छ । हामीले त्यहाँ निगरानी गर्ने ठाउँमा निगरानी गरेका छैनौं । हामीले हस्तक्षेप गर्ने ठाउँमा हस्तक्षेप गरेका छैनौं । बरु सेटिङ गर्दै जाने प्रक्रिया अगाडि बढेको छ ।

आज राज्य एकातिर, व्यापारी व्यवसायी एकातिर राखेर नेतृत्वले बिचमा बसेर दोहन गर्ने र विनालगानी अरबपति बन्ने खालको एउटा परिस्थिति पैदा भएको छ । देश र जनतालाई समाजवादको सपना देखाएर राज्यको जिम्मेवार तहमा बसेर यो खालको काम कारबाही गर्दाखेरि देश कसरी बदलिन्छ ? कसरी कम्युनिस्ट आन्दोलनको रक्षा हुन्छ ? यी आदि प्रश्न आज हामीप्रति, हाम्रो आन्दोलनप्रति, पार्टीप्रति उठिरहेका विषय हुन् । रातोपाटी

# शेयर लगानीकर्ताले बुझ्नुपर्ने कुरा



अचुतकुमार ओझा

अङ्ग्रेजीमा एउटा भनाइ छ "यदि तपाईंले मरेको घोडा चढिरहेको थाहा पाउनुभयो भने उत्तम उपाय भनेको झर्नु नै हो ।" यस उक्तिले दिएको सन्देश भनेको खासगरी लगानीमा मुर्खताभन्दा धैर्यताले काम गर्छ भन्ने हो । यसैले विजय हुने नाममा जबर्जस्तको लगानीले ठीक नतिजा नदिन सक्छ । पुँजी बजारमा सिनो घोडा बोकेरै भए पनि पहिलो भएर देखाउने थुप्रै दुस्साहस हुने गर्छ तर त्यो दिगो हुन सक्दैन । केही मिनेट, घण्टा, दिन वा महिना सही देखिए तापनि अन्ततः दीर्घकालमा त्यो गलत सावित हुनेछ ।

'डेड हर्ष थ्यौरी' मा घोडा सवार व्यक्ति जित्न चाहन्छ । उ घोडा दौडमा पहिलो भएर उत्कृष्ट हुने अभिलाषा बोकेर हिंडेको हुन्छ । यसैले आफूसँग भएको धन दौलत सबै घोडामाथि खर्चिएर भए पनि आफ्ना प्रतिस्पर्धीलाई माथ खुवाउने यात्रामा लागी रहन्छ तर परिणाम त्यसो हुन सक्दैन । बरु आफ्नै सम्पत्ति गुम्न पुग्छ । ठीक यस्तै पुँजी बजारमा पनि हुने गरेको देखिन्छ । आफूले कुनै कम्पनीको शेयर किनेपछि जसरी पनि बजार मूल्य बढाउन खेल खेल्ने गर्छन् । चाहे त्यो आर्थिक हिसाबले कमजोर होस् वा नियामकबाट कारबाही खेपिरहेको होस् । चाहे प्रतिफल क्षमता शून्य होस् वा ऋणमा डुबेको होस् जुन अवस्थामा रहेता पनि आफूले उठाएपछि त्यो एकैपटक लसुनबाट सुन हुनुपर्ने मुर्खता जब ठूला वा साना लगानीकर्ता जो कसैले पनि गर्न सक्छ, त्यस्तो मुर्खताले दिगो सफलता भेट्न सकिँदैन । यही वास्तविकतालाई बुझ्न नसक्दा धेरै लगानीकर्ताले लगानी डुबाइरहेको देखिन्छ ।

सन् १९९८ ताका विश्वको पुँजी बजारमा सूचीकृत कम्पनीको पछाडि डट् कम लेखिएको छ भने मूल्य आकासिन्थ्यो तर सन् २००२ तिर जब 'डट् कम बबल' फुट्यो, राष्ट्रिय प्रतिभूति व्यापारी सङ्घको स्वचालित मूल्य सूची प्रणाली (न्यासड्याक-अमेरिका स्थित एक प्रमुख इलेक्ट्रोनिक शेयर बजार, यो संसारकै प्रथम कम्प्युटर प्रणालीमा आधारित शेयर बजार हो) को सूचाङ्क ५० प्रतिशतभन्दा बढीले घट्यो र पेटस् डट् कम र वेबभ्यान जस्ता धेरै कम्पनीहरु पूर्ण रुपमा बन्द भए । त्यसमा लगानी गरेर कमाउँछु भन्ने धेरैले आत्महत्याको बाटोसमेत रोजे । सन् २००२ देखि २००६ सम्ममा 'रियल स्टेट बबल' आयो त्योभन्दा अगाडि रियल स्टेटको मूल्य कहिले नघट्ने विश्वास गरेर लगानी गर्ने थुप्रै व्यक्तिहरु मुर्ख सावित भए । सन् २००८ मा बबल फुटेपछि विश्वमा वित्तीय मन्दी आयो । यसले थुप्रै लगानीकर्तालाई बगाइदियो । धेरै व्यक्तिहरु महलबाट सडकमा आइपुगे ।


नेपालमा हेर्ने हो भने ३२०० विन्दु र १८०० विन्दुको बुलमा बजार उक्लदै गर्दा खराब कर्जा ३०/४० प्रतिशत भएका र जीवनभर प्रतिफल नदिएका कम्पनीहरुको मूल्य रु एक हजारमाथि पुग्यो तर जब बजार बियरीस हुन थाल्यो, उक्त स्टकमा भरिएको बलुनको हावा फुस्कियो तब सात/आठ सय प्रतिशतको गिरावट देखियो । केही समय अगाडि केही फाइनान्स कम्पनी २४००/२६०० सयसम्म भाउ बढेर पुगे तर जब बजार हल्लिन थाल्यो । जतिबेला फाइनान्समा भएका विकृतिका विषय समाचार बनेर बजारमा आयो, त्यस्ता कम्पनीको मूल्य एक वर्षको उतावचढावमा ८०० प्रतिशतसम्म झर्‍यो । तर मान्छेहरु ती कम्पनीलाई बजारको विजेता बनाउने दौडमा लागी परे । आफ्ना सारा स्रोत लगानी गरे । तर रुपकको घोडा जस्तै मृतश्ययामा पुगेका कम्पनीको भाउ छोटो समयका लागि आकासिएको देखिएता पनि उम्लिएको दूधजस्तै पहिलेकै अवस्थामा फर्किन पर्‍यो । यसले गर्दा अरबौको लगानी व्यर्थ भएको छ ।

लगानीमा मुर्खताले होइन, धैर्यता र अनुशासनले बाजी मार्न सकिन्छ । मुर्खताले जित्न सकिँदैन, बरु गुमाउन प्रेरित गर्नेछ । तसर्थ सिनो भएका कम्पनीको शेयर बोकेर कमाउने र रमाउने मुर्ख नबनौं । जित्नका लागि दौडन सक्ने घोडाको सधैं खोजी गरौं र त्यसैमा लगानी गर्ने बानी बसालौं । यो नै लगानीको मूलमन्त्र हो । 'डेड हर्ष थ्यौरी' ले लगानीकर्तालाई दिएको मूल सन्देश यही हो ।

जहाँ सम्भावना शून्य भागभन्दा कम छ त्यहाँ प्रयास नगर्नुहोस् चाहे त्यो लगानीको क्षेत्र होस् वा जीवनका अन्य पक्ष त्यो व्यर्थ हुनेछ । जसरी मृत घोडामाथिको लगानी खेर गयो त्यसरी नै खराब शेयर माथिको लगानी बालुवामा पानी खन्याएसरह हुने निश्चित छ । कतिपय कम्पनीहरु वासलत बिग्रिएका, सञ्चालक खराब भएका, खराब कर्जाले थिचिएका, प्रतिशेयर आम्दानी र मुनाफा नकारात्मक भएका, आयले खर्च धान्न नसकेका, बजार क्षेत्र खुम्चदै गएका, प्रतिस्पर्धीको अगाडि निरीह रहेका, प्रतिफल कम्पनी खुलेदेखि दिन नसकेका, प्रविधिको विकासले माग घट्दै गएका कम्पनीको शेयरमा बजार हल्ला, कर्नरिङ्ग, म्याचिङ्ग, मिडिया ट्र्यापिङ र सामाजिक सञ्जालमार्फत बुलिङ आदि गरेर मूल्य बढाउने प्रयासमा लागेका हुन्छन् । त्यस्तो कम्पनीको बारेमा राम्ररी बुझ्न जरुरी हुन्छ । आफूलाई त्यस कम्पनीको यस्ता गलत प्रवृत्तिका बारेमा जानकारी छ भने त्यस्ता कम्पनीमा थप लगानी बढाउनु हुँदैन ।

कहिलेकाहीँ 'फाइनान्स आर्मी' को नाममा त्यस्ता कम्पनीको शेयर मूल्य अस्वभाविक बढाएर लैजाने गरिन्छ, जुन नेपालमा भयो । तर समयसँग त्यो उसको वास्तविक आकार र स्वरुपमा फर्किनु नै पर्ने हुन्छ । टुप्पामा लगानी गर्नेहरुले कहिल्यै आफ्नो सम्पत्ति पाउन सक्ने छैनन् । यसैले यस्तो दुस्साहस नगर्नु नै वेश हुन्छ । कतिसम्म भयो भने नेपाल राष्ट्र बैंकले कारबाही गर्दै गरेको कर्णाली विकास बैंकको शेयरको मूल्य कारबाही भएर कारोबार रोकिन भन्दा अघिलो दिन १० प्रतिशतको सर्किट लाग्यो ।

# पुष्पलाल सही विचार, गतिशील सङ्गठन र समर्पित नेतृत्वका धनी : प्रधानमन्त्री



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल कम्युनिष्ट पार्टीका संस्थापक महासचिव पुष्पलाल सही विचार, गतिशील सङ्गठन र समर्पित नेतृत्वका धनी हुनुहुन्थ्यो भन्दै समाज बदल्ने सपना बोकेकाहरूले उहाँका विचारलाई अनुसरण गर्नुपर्नेमा जोड दिनुभएको छ ।

नेकपा (एमाले) को केन्द्रीय कार्यालय, च्यासलमा बुधबार आयोजित ४७औँ पुष्पलाल स्मृति दिवसका कार्यक्रममा एमालेका अध्यक्ष एवं प्रधानमन्त्री ओलीले सिद्धान्त छोडेर भाग्ने र विरोधीसँग गएर घाँटी जोडेर दुनो सोझ्याउने काम पुष्पलालले कहिल्यै नगरेको स्पष्ट गर्नुभयो ।

"पुष्पलाल आदर्शप्रति सधैँ दृढ रहनुभयो । उहाँका केही सीमाहरू थिए होलान् तर विचार र काममा उहाँ अग्रणी हुनुहुन्थ्यो । उहाँ साँच्चैको क्रान्तिकारी व्यक्ति हुनुहुन्थ्यो", अध्यक्ष ओलीले भन्नुभयो, "जात र धर्मबाट उहाँ माथि हुनुहुन्थ्यो । आफ्नो थरमा श्रेष्ठ लेख्नुभएन । नेपालमा कम्युनिष्टहरूको सङ्गठनलाई गतिशील रूपमा हाँक्नसक्ने नेता हुनुहुन्थ्यो ।

उहाँ सही विचार र समर्पित नेतृत्व भएको व्यक्ति हुनुहुन्थ्यो । उहाँकै विरासत बोकेको एमालेका नेता कार्यकर्ताले ती पक्षहरूलाई बिर्सन मिल्दैन ।"

विसं १९८१ असार १५ गते रामेछापको भँगेरीमा जन्मिनुभएका पुष्पलालले नै कार्लमार्क्स र फ्रेडरिक एङ्गेल्सद्वारा लिखित ' कम्युनिष्ट घोषणापत्र' लाई पहिलो पटक नेपाली भाषामा अनुवाद गर्नुभएको थियो । उहाँकै नेतृत्वमा नेपालमा पहिलोपटक २००६ वैशाख १० गते नेकपा स्थापना भएको थियो । उहाँको २०३५ साउन ७ गते उपचारका क्रममा भारतमा निधन भएको थियो ।

**तराई-मधेसमा खानेपानी र सिचाइका लागि युद्धस्तरमा काम गरिने प्रधानमन्त्रीको प्रतिबद्धता**

प्रधानमन्त्री केपी शर्मा ओलीले तराई-मधेसमा खानेपानी र सिँचाइको अभाव हुन नदिन युद्धस्तरमा काम गरिने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

प्रतिनिधिसभाको बैठकमा सांसदहरुले उठाउनुभएका प्रश्नहरुको जवाफ दिनेक्रममा प्रधानमन्त्री ओलीले मन्त्रिपरिषद्को आजकै बैठकबाट मधेस प्रदेशलाई प्राकृतिक विपद्ग्रस्त घोषणा गरिएको जानकारी दिँदै सम्पूर्ण शक्ति प्रयोग गरेर खानेपानी र सिँचाइ उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

"यो सरकार राष्ट्रका सामु देखापरेका चुनौतीहरुको सामना गर्न लागेको छ ।

स्थिरता र स्थायित्वलाई कायम गरेर अघि बढ्ने हाम्रो सङ्कल्प रहेको छ ।

अहिले पहाडमा वर्षा र बाढीको प्रभाव छभने तराई-मधेस सुक्खा समस्याले ग्रस्त छ । यी समस्या समाधानका लागि सरकारले आवश्यक कदमहरु चालेको छ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "प्राकृतिक विपद्ग्रस्त घोषणापछि तराई-मधेसमा कुनै सामग्री आवश्यक परेमा वा 'डिपबोरिङ' गर्नुपरेमा सहज हुनेछ । यसतर्फ सरकार गम्भीर छ । अब अल्पकालीन र दीर्घकालीन उपाय खोजेर समस्या समाधानतर्फ लाग्नुपर्नेछ । यससम्बन्धी गर्नुपर्ने काममा सरकारले कुनै कुसर बाँकी राख्ने छैन ।"रासस

# मुलुकमा सबै कम्युनिष्ट एकीकृत हुनुपर्छ : अध्यक्ष दाहाल

काठमाण्डु । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले कम्युनिष्ट पार्टीका संस्थापक महासचिव पुष्पलालको परिपक्व विचार र कार्यनीतिले मुलुकमा लोकतन्त्र स्थापना भएको बताउनुभएको छ ।

नेकपाका संस्थापक महासचिव पुष्पलालको ४७औँ स्मृति दिवसका सन्दर्भमा आयोजित विचार गोष्ठीमा उहाँले संयुक्त जनआन्दोलनको नीतिका आधारमा आफूहरुले निर्माण गरेको बृहत्तर मोर्चाका साथै तत्कालीन सात दलको संयुक्त जनआन्दोलनका बलमा देशमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र सम्भव भएको बताउनुभयो ।



सबै देशभक्त कम्युनिष्टले पुष्पलाललाई साझा व्यक्तिका रूपमा स्वीकार्ने बताउँदै अध्यक्ष दाहालले सबै कम्युनिष्ट एकीकृत हुनुपर्नेमा जोड दिनुभयो । पूर्व प्रधानमन्त्री समेतरहनुभएकादाहाललेसामाजिक विज्ञानको अनुसन्धानकर्ता, दार्शनिक, चिन्तकका रुपमा आफूले पुष्पलाललाई स्मरण गर्दै आफू ३६ वर्षदेखि नेतृत्वमा रहेर भिन्न मतलाई सम्मान गर्ने गरेको उल्लेख गर्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालले मुलुकमा जनअधिकार स्थापनाका लागि निरङ्कुशताविरुद्धको सङ्घर्षमा पुष्पलालले गर्नुभएको योगदानको चर्चा गर्नुभयो ।

उहाँले हाल देशमा थुप्रै कम्युनिष्ट पार्टी छरिएकाले तिनलाई एकीकृत गर्न सकेमा पुष्पलालप्रति साँचो सम्मान हुने विचार व्यक्त गर्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टीका महासचिव नेत्रविक्रम चन्दले निरङ्कुशताविरुद्ध सङ्घर्ष अगाडि बढाउन पुष्पलालले वर्ग विश्लेषण र राजनीतिक विश्लेषण गर्दै कार्यक्रम सञ्चालन गरेको उल्लेख गर्नुभयो ।

पुष्पलालले कुशल सङ्गठकको भूमिका निर्वाह गरेको स्मरण उहाँले गर्नुभयो ।

जनता समाजवादी पार्टी सङ्घीय परिषद्का अध्यक्ष राजेन्द्र श्रेष्ठले सामाजिक असमानता, विभेद्को अन्त्य गर्न कम्युनिष्ट एकताको खाँचो औँल्याउनुभयो । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले परिवर्तनकामी राजनीतिक शक्तिलाई एकताबद्ध भएर जानुपर्ने दृष्टिकोण राखेका पुष्पलालको वैचारिक दृष्टिकोणको सराहना गर्नुभयो । उहाँले कम्युनिष्ट आन्दोलन अहिले जालझेल र षड्यन्त्रमा रुमल्लिरहेकाले त्यसको अन्त्य गर्नुपर्नेमा जोड दिनुभयो ।

**जुनसुकै पार्टीका भए पनि महिला अगाडि आउदा गर्व लाग्छ: अध्यक्ष दाहाल**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले गणतन्त्रले महिला, दलित आदिवासी, जनजाति तथा पछाडि पारिएको वर्गको हक अधिकार स्थापित गर्न र उनीहरुलाई मूलधारमा ल्याउन महत्वपूर्ण भूमिका खेलेको बताउनुभएको छ ।

> सबै देशभक्त कम्युनिष्टले पुष्पलाललाई साझा व्यक्तिका रूपमा स्वीकार्ने बताउँदै अध्यक्ष दाहालले सबै कम्युनिष्ट एकीकृत हुनुपर्नेमा जोड दिनुभयो ।

माक्सवादी ज्ञान केन्द्रद्वारा आज काठमाडौँमा आयोजित ' गणतन्त्र अगाडि र पछाडिको नेपाल : एक तुलनात्मक अध्ययन' नामक पुस्तक लोकार्पण समारोहलाई सम्बोधन गर्दै अध्यक्ष दाहालले भन्नुभयो, "जुन सुकै दलका भए पनि महिलाहरु पदमा आउँदा मलाई गर्व लाग्छ, विद्रोहको औचित्य प्रमाणित भएको छ ।"

उहाँले लामो त्याग, सङ्घर्ष तथा सहिदहरुको बलिदानका कारण मुलुकको सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको र त्यसले पछाडि परेका वर्गलाई अगाडि आउन महत्वपूर्ण योगदान गरेको स्मरण गर्नुभयो ।अध्यक्ष दाहालले जाति भाषा, धर्म, संस्कृति र इतिहासप्रति सम्मान गर्न सकिएन भने देश सफल हुन नसक्ने बताउनुभयो । देश छाड्नुपर्छ, देशमा केही भएको छैन, सबै खत्तमै भयो भन्ने भ्रम छर्ने प्रवृत्तिविरुद्ध प्रतिवाद गर्ने औजारका रुपमा पुस्तक सार्वजनिक भएको टिप्पणी गर्नुभयो ।

कार्यक्रममा नेकपा एकीकृत समाजवादीका वरिष्ठ उपाध्यक्ष राजेन्द्रप्रसाद पाण्डेले गणतन्त्र अघिभन्दा गणतन्त्र आएपछि देशका धेरै क्षेत्रमा उल्लेख्य प्रगति भएको चर्चा गर्दै विकसित मुलुकको तुलनामा नेपालमा छिटो प्रगति भएको दावी गर्नुभयो ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य प्रकाश स्नेहीले गणतन्त्रलाई असफल पार्ने प्रयास भइरहेको र त्यसलाई सफल हुन दिन नहुनेमा जोड दिँदै गणतन्त्रका पक्षमा सबै एक हुनुपर्ने धारणा व्यक्त गर्नुभयो । कार्यक्रममा नेकपा (एमाले) केन्द्रीय सल्लाहकार परिषदका सचिवालय सदस्य डा जितेन्द्रदेव गिरीले गणतन्त्रवादी शक्तिहरु एक ठाउँमा आएर गणतन्त्रको रक्षाका लागि काम गर्नुपर्नेमा जोड दिनुभयो ।

मार्क्सवादी ज्ञान केन्द्रका वरिष्ठ उपाध्यक्ष इन्द्रराज भट्टराईले गणतन्त्रमा केही भएन बिग्रियो भन्नेहरुका लागि गणत्रन्त्रअघिको अवस्था के थियो र गणतन्त्रपछि के भयो भनी विभिन्न विज्ञहरुबाट विश्लेषण तथा अध्ययनसहित पुस्तक तयार गरिएको बताउनुभयो ।रासस

# 'राष्ट्रिय गौरवका आयोजनामा पर्याप्त बजेट छैन'

काठमाण्डु । भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले राष्ट्रिय गौरवका आयोजनामा पर्याप्त बजेट अभावले अपेक्षित सफलता हासिल नभएको बताउनुभएको छ ।

राष्ट्रियसभा अन्तर्गतको संसदीय समिति सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको बैठकमा मन्त्री दाहालले राष्ट्रिय गौरवका आयोजनालाई छुट्टै बजेट व्यवस्था गर्नुपर्ने राय व्यक्त गर्नुभयो ।

उहाँले मन्त्रालयले आफनो कार्यक्षेत्र भन्दा बाहिरको टुक्रे काममा भन्दा राष्ट्रिय गौरवका आयोजना, उत्पादनमूलक, जटिल अनि ठूला प्रकृतिका काममा बजेट केन्द्रित गर्नुपर्ने धारणा राख्नुभयो ।

रु '१६ अर्बबाट खासै काम देखिँदैन । ठूलाठूला आयोजनको सट्टा साना योजनामा, सांसदहरु एवं विभिन्न नेतृत्वले सिफारिस गर्नुभएका ठाउँमा छुट्याउनुपर्ने भयो । त्यसले गर्दा राष्ट्रिय गौरवका आयोजनामा बजेट कम भएको हो", उहाँले भन्नुभयो, "आगामी दिनमा हामी मिल्नुप-यो । अब आउने दिनमा राष्ट्रिय गौरवका आयोजना र राष्ट्रिय महत्वका आयोजनामा मात्र बजेट विनियोजन गरेर काम गर्छौँ ।"



समस्या देखिएका आयोजनामा मन्त्रालयको ध्यानार्कषण हुनाका साथै समाधानको प्रयास भइरहेको जानकारी उहाँले दिनुभयो । "राष्ट्रिय गौरवका आयोजना अलपत्र परेका छैनन् । ठाउँठाउँमा काम 'क्रोनिक' भएर बसेका छन्, त्यस ठाउँका समस्याको पहिचान गरेका छौँ । अब समस्या समाधान क्रमशः गर्दैछौँ", उहाँले भन्नुभयो । समितिलाई मन्त्रालय अन्तर्गतका आयोजनाबारे जानकारी दिने क्रममा मन्त्री दाहालले पूर्वपश्चिम विद्युतीय रेलमार्गमा देखिएका चुनौती समाधानका लागि अध्ययन भइरहेको बताउनुभयो । वैकल्पिक उपायबारे मन्त्रालयले अध्ययन गर्ने उहाँको भनाइ छ ।

"पूर्व-पश्चिम रेलमार्ग हाम्रो सपना हो । यो एसियासँगको 'कनेक्टीभिटी' पनि हो । रेलमार्ग सञ्चालन गर्नैपर्छ । तर निल्नु न ओक्लनुको अवस्थामा पुगेको छ", उहाँले भन्नुभयो, "जग्गा प्राप्तिमा समस्याका कारण चार पाँच वर्ष भइसक्यो 'होल्ड' गरेर राखेको । न त हामीले मुआब्जा दिन सकेका छौँ न केही गर्न ।"

मन्त्रालयका सचिव केशवकुमार शर्माले आयोजनामा पर्याप्त बजेट र तीनै तहका सरकारबीच अपनत्व ग्रहणको आवश्यकता औँल्याउनुभयो ।

उहाँले यस्ता आयोजनामा सडकको अधिकारक्षेत्र 'राइट वे' अहिलेसम्म यकिन नभएकाले निर्माणमा स्थानीय तहको पटक-पटकको अवरोध चुनौतीको रुपमा रहेको बताउनुभयो ।

बैठकमा मन्त्रालयअन्तर्गतका राष्ट्रिय गौरवको आयोजनाको कार्यान्वयन प्रगति, अवस्था, समस्या र समाधानका लागि भएका प्रयास र समितिसँगको अपेक्षाका विषयमा छलफल भएको थियो । मन्त्रालयअन्तर्गतका विभागका कर्मचारीले तीन तहका सरकारको स्पष्ट कार्यक्षेत्र तोक्नुपर्ने र निर्माणस्थलमा जग्गा प्राप्तिबारे सरल स्पष्ट नीति तय गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

मन्त्रालयका सचिव शर्माले प्रदेश राजमार्ग स्थानीय सडकहरुको जिम्मेवारी अहिलेसम्म यकिन नहुँदा राष्ट्रिय राजमार्ग बाहेकका साना आयोजना मन्त्रालयले कार्यान्वयन गर्दै आएको बताउनुभयो । यसले गर्दा स्रोत व्यवस्थापन र कार्यान्वयनमा समेत जटिलतासँगै दोहोरोपना हुनसक्ने उहाँको भनाइ थियो ।

सडक विभागका महानिर्देशक डा विजय जैसीले विभिन्न ८० राजमार्गमा मात्र विभाग केन्द्रित हुन चाहेको बताउनुभयो । प्रदेश र स्थानीय तहले निर्माण गरेका सडकका कारण राजमार्गमा थप जोखिम बढेको विषयमा ध्यानार्कषण गराउनुभयो ।

रेल विभागका महानिर्देशक रवीन्द्रलाल दासले ऐलानी जग्गा मुआब्जा तथा क्षतिपूर्ति र नदीजन्य निर्माण सामग्री अनुसारको आपूर्तिमा समस्याबारे चर्चा गर्नुभयो । समितिका सदस्यहरु उदयबहादुर बोहरा, इन्दिरादेवी गौतम, किरणबाबु श्रेष्ठ, गोपीबहादुर सार्की अछामी, मनरुपा शर्मा, मोहम्मद खालिद र नारायणदत्त मिश्रलगायतले आयोजना समयमा सम्पन्न गर्न सरकारी निकायहरुबीच निरन्तर समन्वयका लागि ध्यानार्कषण गराउनुभयो ।रासस

# प्रतिनिधिसभा बैठक :

## तराई मधेसमा खानेपानी समस्या तत्काल सम्बोधन गर्न माग



काठमाण्डु । प्रतिनिधिसभाका सांसदहरुले तराई मधेसमा लामो समयदेखि बर्सात नहुँदा सुक्खा र खडेरी भई जनता पीडित भएको जनाउँदै तत्काल खानेपानी र सिँचाइको व्यवस्था गर्न सरकारसँग माग गर्नुभएको छ ।

प्रतिनिधिसभाको बुधबारको बैठकको आकस्मिक समयमा बोल्दै उहाँहरुले तराई मधेसमा खानेपानी र सिँचाइको उचित व्यवस्थाका लागि तत्कालीन र दीर्घकालीन रुपमा काम गर्नुपर्ने सुझाव दिनुभयो ।

बैठकमा सांसद अब्दुल खाँनले संयुक्त राज्य अमेरिकाको लुसियाना राज्यमा १३ जुलाई २०२५ मा बर्सातका कारण निधन भएका नेपाली विद्यार्थीहरु राजन यादव र रोजिन ओलीको शव हालसम्म पनि स्वेदश ल्याउन नसकिएको अवगत गराउँदै तत्काल शव नेपाल ल्याउनका लागि पहल गर्नका लागि सरकरको ध्यानाकर्षण गराउनुभयो । साथै उहाँले तराई मधेसमा लामो समय वर्षात नभएका कारण सुख्खा खडेरी भएकाले सुक्खाग्रस्त क्षेत्र घोषणा गरी खानेपानी र सिँचाइको प्रबन्ध गर्न सङ्घीय सरकारसँग माग गर्नुभयो ।

सांसद देवेन्द्र पौडेलले बागलुङ र पर्वतमा केही दिनअघि परेको अविरल वर्षाका कारण आएको बाढी र पहिरोले जनधनको क्षतिप्रति जानकारी गराउँदै तत्काल उद्धार, राहत र पुनःस्थापनाको माग गर्नुभयो । सांसद चित्रबहादुर केसीले बागलुङमा गत असार २५ गते आएको बाढीले ठूलो भौतिक क्षति भएको जानकारी गराउँदै पीडित जनताका आवाज सम्बोधनका लागि युद्धस्तरमा काम गर्न माग गर्नुभयो ।

सांसद वासुदेव घिमिरेले देशैभरि ठूलो वर्षा हुने अनुमान गरे पनि देशभरि सुक्खा खडेरी भएको बताउँदै पूर्वानुमान झुटो सावित भएको बताउँदै यसले नागरिकमा सरकारप्रति विश्वास नहुने बताउनुभयो । उहाँले आगामी दिनमा सही सूचनाको आधारमा मात्र मौसम पूर्वानुमान गर्न जल तथा मौसम विज्ञान विभागलाई आग्रह गर्नुभयो ।

सांसद छिरिङ ल्यामु लामा ' तामाङ'ले तराई मधेसमा वर्षा नहुँदा सुक्खा क्षेत्र भएपछि खानेपानीको हाहाकार भएको बताउँदै दीर्घकालिन समाधानका लागि सरकार लाग्नुपर्नेमा जोड दिनुभयो । सांसद चन्द्रबहादुर विश्वकर्माले रुकुम पश्चिममा टिपर खस्दा तीन जना बेपत्ता भएको अवगत गराउँदै खोजी कार्यलाई तीव्र रुपमा अघि बढाउन र बेपत्ता भएकाको खोजीको माग गर्नुभयो ।

सांसद देवप्रसाद तिमलसेनाले तराई मधेसमा पानीको हाहाकार भएपछि सरकारले सुक्खा क्षेत्र घोषणा गरेको बताउँदै तत्काल खानेपानी र सिँचाइको व्यवस्था गर्न माग गर्नुभयो । साथै उहाँले रौतहटमा हात्तिको आक्रमणबाट स्थानीय पीडित भएको बताउँदै समाधानका लागि वन तथा वातावरण मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो ।

सांसद माधव सापकोटाले सदनमा मन्त्रीहरुका अनियमितताका घट्ना पुष्टि भएपछि राजीनामा माग्दा पनि सुनुवाइ नभएको बताउँदै रसुवामा आएको बाढीपछि चीनमा अलपत्र परेका नेपाली नागरिकलाई नेपाल ल्याउन पहल गरेकामा धन्यवाद दिनुभयो । साथै उहाँले केरुङमा चीन सिमानामा अलपत्र परेका नेपालका मालवाहक गाडी यसै सिजनमा नेपाल ल्याउन पहल गर्नका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद दामोदर पौडेल वैरागीले यही साउन ३ गतेको कास्कीमा बाढीबाट भएको क्षतिको जानकारी गराउँदै स्थानीयस्तरमा उद्धार र राहतका सामग्री बढाउन माग गर्नुभयो । सांसद सूर्यबहादुर थापा क्षेत्रीले नेपाली कम्युनिष्ट आन्दोलनका संस्थापक महासचिव पुष्पलालले नेपाली लोकतान्त्रिक आन्दोलनमा गर्नुभएको योगदानको चर्चा गर्नुभयो ।रासस

# आर्थिक विकासका लक्ष्यमा सरकार केन्द्रीत छ : अर्थमन्त्री पौडेल

लुम्बिनी । उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णु पौडेलले वर्तमान सरकार मुलुकमा सुशासन, आर्थिक विकास र समृद्धिको सपना साकार पार्ने दिशामा अगाडि बढेको बताउनुभएको छ । उहाँले देशलाई अस्थिर बनाइराख्ने तत्वहरुले सरकारलाई असफल बनाउन विभिन्न प्रयत्नहरु गरिरहेको तर चौतर्फी हमलाका बाबजुद पनि सरकार आफ्नो लक्ष्यमा अगाडि बढिरहेको पनि बताउनुभयो ।

पुष्पलाल स्मृति दिवसको अवसरमा नेकपा एमाले रुपन्देहीले बुधबार बुटवलको आयोजना गरेको अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै नेपाली कांग्रेस-एमाले गठबन्धनको सरकार मुलुकमा सुशासन र स्थिरता दिनका लागि निर्माण गरिएको र यो गठबन्धन आगामी ०८४ सम्मै यो कायम रहने पनि बताउनुभयो । "बाहिर जसरी गठबन्धन भत्किँदैछ भनेर प्रचार गरिए पनि त्यसका कुनै सत्यता छैन", उहाँले भन्नुभयो, "शान्ति, स्थिरता र सुशासनका लागि गठबन्धनको सरकार निर्माण भएको हो आगामी २०८४ सम्म यो गठबन्धन तलमाथि हुँदैन ।"

सरकारका विरुद्ध नकारात्मक भाष्य सिर्जना गर्न खोजिएको र सिङ्गो समाजलाइ गलत दिशातर्फ धकेल्न सकिन्छ कि भनेर प्रयत्न गरिएको भन्दै अर्थमन्त्री पौडेलले भन्नुभयो, "यस्ता खाले सबै प्रयत्नलाई चिरेर सरकार अघि बढी रहेको छ ।"रासस

# लोकतन्त्र बलियो बनाउन पूर्वराष्ट्रपतिलाई सक्रिय राजनीतिमा फर्काइएन : महासचिव पोखरेल

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का महासचिव शङ्कर पोखरेलले लोकतन्त्रलाई बलियो बनाउनका लागि पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीलाई पार्टीको सक्रिय राजनीतिमा नफर्काइएको बताउनुभएको छ ।

पार्टीको प्रचार तथा प्रकाशन विभागले बुधबार आयोजना गरेको पार्टीको नवौँ केन्द्रीय कमिटी बैठकको निर्णय सार्वजनिक कार्यक्रममा उहाँले पूर्वराष्ट्रपति भण्डारी एमालेमा प्रवेश गर्दा पार्टी बलियो हुने भए पनि लोकतन्त्र कमजोर हुने बताउनुभयो ।

पूर्वराष्ट्रपति भण्डारी राजनीतिमा सक्रिय हुने दलीय कोणबाट मात्र नहेरेर समग्र राष्ट्रको लोकतान्त्रिक र भविष्यसँग जोडेर हेर्नुपर्ने उहाँको भनाइ थियो । "उहाँ हाम्रो पार्टीको आन्दोलनमा आउँदा हामीलाई फाइदा पनि पुग्थ्यो होला । तर लोकतन्त्रको मूल्यलाई कमजोर बनाएर दललाई बलियो बनाउने कुरा राम्रो होइन", महासचिव पोखरेलले भन्नुभयो, "लोकतन्त्रको मूल्य स्थापित गर्ने कुरा लोकतान्त्रिक पार्टीको कर्तव्य हो भनेर बुझ्नुपर्दछ ।

स्वाभाविक रूपमा प्रभावशाली व्यक्ति पार्टीमा जोडिने कुरा पार्टीका लागि लाभको विषय हुनसक्ला तर राष्ट्रका लागि केही हुन्छ भन्ने कोषबाट पनि हामीले सोच्नुपर्दछ ।"

महासचिव पोखरेलले पूर्वराष्ट्रपति भण्डारी आफैँ राजनीतिमा सामेल नभएर राजनीतिको अभिभावकको भूमिमा रहनुपर्ने बताउनुभयो ।

"राजनीति बिग्रन थाल्यो भने सपार्ने हो तर आफैँ दलीय राजनीतिमा आउने होइन । लोकतन्त्रलाई सही दिशामा अघि बढाउने कुरामा उहाँको भूमिका रहन्छ, उहाँ घरमा चुप लागेर बस्नुहुन्छ भनेर पार्टीको अपेक्षा होइन", महासचिव पोखरेलले भन्नुभयो, "उहाँले मुलुकलाई सही दिशा दिन सक्नुहुन्छ । रासस

# म्याक्रोन-मर्जले नाटो र इयु-अमेरिका व्यापारिक विवादमा वार्ता गर्ने

एएफपी

बर्लिन । फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले नाटो सुरक्षा, अमेरिका-इयु व्यापार विवाद र अन्य प्रमुख मुद्दाहरूमा छलफल गर्न बुधबार बर्लिनमा जर्मन चान्सलर फ्रेडरिक मर्जसँग भेट गर्दै हुनुहुन्छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ट्रान्सअटलान्टिक सम्बन्धलाई हल्लाएपछि म्याक्रोन र मे महिनामा सत्ता सम्हाल्नुभएका मर्ज युरोपेली सङ्घ (इयु) को मुटुमा रहेको द्विपक्षीय साझेदारीलाई बढावा प्रयासरत हुनुहुन्छ।"सबैभन्दा महत्त्वपूर्ण सन्देश होः फ्रान्को-जर्मन जोडी काममा फर्केका छन्", फ्रान्सेली राष्ट्रपतिले मर्जसँग म्याक्रोनको योजनाबद्ध रात्रिभोजअघि भन्नुभयो। पेरिस र बर्लिनले लन्डन र वार्सासँग मिलेर रुसविरुद्ध युक्रेनलाई समर्थन गर्ने र नाटोका युरोपेली सदस्य राष्ट्रहरूको रक्षा क्षमता निर्माण गर्ने प्रयासहरूलाई अगाडि बढाएका छन्।

तर पेरिसले सम्भावित युक्रेन युद्धविरामको निगरानी गर्न शान्ति सेना पठाउने इच्छा देखाएको भए पनि बर्लिनले अहिलेसम्म योगदान दिने कुनै योजना व्यक्त गरेको छैन। आपत्ति जनाउनुभएको छ र एउटा सम्झौतामा पुग्न सकिन्छ भन्ने विश्वास व्यक्त गर्नुभएको छ।फ्रान्सेली रक्षा कम्पनी दासाल्टका प्रमुख एरिक ट्रापियरले मङ्गलबार परियोजनाको व्यवहार्यता शङ्कामा रहेको सुझाव दिनुभयो।उहाँले पत्रकार सम्मेलनमा भन्नुभयो, "हामीले तीन देशद्वारा सञ्चालित परियोजनाको प्रभावकारितामाथि प्रश्न उठाउनुपर्छ... जहाँ एकजना होइन तीन जना वास्तविक नेता छन्।"

अर्को जटिल क्षेत्र ऊर्जा हो, जहाँ फ्रान्स आणविक शक्तिमा धेरै निर्भर छ, जसलाई जर्मनीले सौर्य र पवन ऊर्जामा सार्दै चरणबद्ध रूपमा बन्द गर्ने निर्णय गरेको छ।पेरिसले बर्लिनलाई 'प्रविधि तटस्थता' मा प्रतिबद्ध हुन र आणविक ऊर्जालाई जलवायु मैत्री रूपमा वर्गीकरण गर्न चाहन्छ। जर्मनीको सोसल डेमोक्रेट र ग्रिन्सको अघिल्लो सरकारले यसलाई अस्वीकार गरेको थियो तर मर्जको केन्द्र-दक्षिणपन्थी सिडियु/सिएसयु यस विचारका लागि बढी खुला हुनसक्छ।

मेमा दुवै नेताको संयुक्त अखबारी लेखमा दुवैले 'ऊर्जा नीतिमा पुनः सुरुआत' र 'सबै न्यून उत्सर्जन



ट्रम्पले अगस्ट १ सम्ममा कुनै सम्झौता नभएमा इयुविरुद्ध ३० प्रतिशत भन्सार शुल्क लगाउने धम्की दिनुभएपछि मर्ज र म्याक्रोनले संयुक्त राज्य अमेरिकासँगको व्यापारिक विवादबारे पनि छलफल गर्ने अपेक्षा गरिएको छ।

**लडाकू विमान असहमति**

"संयुक्त राज्य अमेरिकासँगको भन्सार शुल्क विवादमा हामी अब निर्णायक चरणमा पुगेका छौँ", मर्जले मङ्गलबार भन्नुभयो, "कम करका दरहरूका साथ निष्पक्ष र भरपर्दो सम्झौताले ट्रान्सअटलान्टिक बजारलाई बलियो बनाउँछ।"दुवै नेताले संयुक्त रक्षा परियोजनादेखि ऊर्जा र व्यापार नीतिसम्मका द्विपक्षीय अवरोधहरूबारे पनि छलफल गर्नुपर्नेछ।स्पेनसँग संयुक्त रूपमा लडाकू विमान बनाउने विषयमा असहमति रहेको छ।

मर्जले फ्रान्सका लागि ठूलो नेतृत्वको भूमिकाको विचारमा ऊर्जाहरूका लागि इयु स्तरमा समान व्यवहार' को प्रतिज्ञा गर्नुभएको थियो। असहमतिको अर्को क्षेत्र दक्षिण अमेरिकाको मर्कोसुर ब्लकसँगको काममा लामो समयदेखि इयु व्यापार सम्झौता भएको छ।जर्मनीले यसलाई दृढतापूर्वक समर्थन गरेको भए पनि फ्रान्सले यसको कृषि क्षेत्रमा नराम्रो असर पर्ने डर व्यक्त गरेको छ।

फ्रान्सेली स्रोतहरूले अगाडि बढ्ने बाटो देखिँदै गरेको र एउटा अतिरिक्त प्रोटोकलले 'कृषिका लागि बलियो सुरक्षा खण्ड' थप्न सक्ने बताएका छन्।मर्जले बर्लिनको बाहिरी भागमा युद्धपछिका फ्रान्सेली कब्जाकारी सेनाका कमान्डरको पूर्व निवास भिला बोर्सिगमा साँझ ६:३० बजे (१६३० जिएमटी) मा म्याक्रोनलाई स्वागत गर्नुहुनेछ।कार्यक्रममा पत्रकारहरूको प्रश्न बिना प्रेस वक्तव्य, ज्याज प्रदर्शन र कार्यशील रात्रिभोज समावेश छ।

# भारतमा मान्छेले जनावरहरूलाई यौनदुर्व्यवहार गर्ने प्रवृत्ति

बीबीसी

काठमाण्डु । जब पूर्णिमा मोटवानीले एउटा बिरालोको छाउरो समस्यामा परेको सुनिन्, तत्कालै उनले उपचारको लागि पशुचिकित्सकसँगको भेटघाटको व्यवस्था गरिन्।

"उक्त बिरालो निकै कमजोर, निकै त्रसित र स्पष्ट रूपमा निकै पीडामा थियो," मुम्बईस्थित ती मानव अधिकारकर्मीले भनिन्। "उसको चोट गम्भीर थियो र दुई पटक टाँका लगाउनुपर्‍यो।"

पशुचिकित्सकले आफ्नो प्रतिवेदनमा चारमहिने पोथी छाउरीमा "सम्भावित मानव-पशु सम्भोग वा जबर्जस्ती आघात" को परिणाम देखिएको भनेर लेखेका छन्। पूर्णिमालाई यसमा को जिम्मेवार छ भन्ने राम्रो थाहा थियो। उनले चिनेका एक छिमेकीले एक जना मानिसले बिरालोको बच्चालाई आफ्नो घरमा लगेको र पछि उनलाई बाहिर छाडेको देखेका थिए। उसलाई मुद्दा चलाउन दृढ सङ्कल्प गर्दै, पूर्णिमा भारतको औपनिवेशिक युगको 'अप्राकृतिक कसुरसम्बन्धी ऐन, १८६०' अन्तर्गत सोधपुछ गर्न आग्रह गर्दै प्रहरीकहाँ गइन्। सो कानुनअनुसार पशुमाथिको यौन दुर्व्यवहारमा १० वर्षदेखि आजीवन जेल सजायसम्म हुन सक्थ्यो।

तर सन् २०२४ मा भारतले पुराना कानुनहरू खारेज गर्दै नयाँ भारतीय न्याय संहिता लागू गर्‍यो।

अब पूर्णिमा भर पर्नुपरेको पशु क्रूरता निवारण ऐनमा अधिकतम ५० भारतीय रुपैयाँ जरिवाना हुने व्यवस्था छ। तीन महिनाभित्र दोहोरिएको अपराध भएमा उक्त जरिवाना दोब्बर हुन सक्छ। भारतमा पशुहरूको यौन दुर्व्यवहार हुने घटनाको उजुरी निकै कम हुने हुँदा यस समस्याको तह बुझ्न गाह्रो हुन्छ।

घटनाको साक्षी हुँदा वा त्यसको विवरण खुलाइँदाका अवस्थामा मात्र मुद्दाहरू प्रहरीसम्म पुग्छन् र त्यसमा पशु अधिकारकर्मीको ध्यान जाने गर्छ। दुई सयभन्दा धेरै पशु संरक्षण संस्थाको महासङ्घ 'एफआईएपीओ'को अनुमानमा सन् २०१० देखि सन् २०२० बीचमा पशुका दुर्व्यवहार हुने १,००० घटनामध्ये ८३ वटामा यौनिक पक्ष जोडिएको छात्यो सञ्चारमाध्यममा आएका खबर र पशुअधिकारकर्मी संस्थामा परेका उजुरीमा आधारित छन्।ती यौन दुर्व्यवहारका दुईतिहाइ घटनामा प्रहरीमा कुनै उजुरी परेको छैन।

न्याश्नल क्राइम रेकर्ड्स ब्यूरो (एनसीआरबी)ले सन् २०१९ देखि २०२२ सम्ममा "पुरुष, महिला वा जनावरसँग प्रकृतिको व्यवस्थाविपरित अप्राकृतिक यौन सम्पर्क"का झन्डै १,००० घटनाहरू देखाएको छ। तर कति जनावरहरू जोडिएका थिए भन्ने बारेमा



केही खुलाइएको छैन।एफआईएपीओले विभिन्न प्रकारका पशु दुर्व्यवहारको विवरण राख्न एनसीआरबीलाई निर्देशन दिन दिल्ली उच्च अदालतमा निवेदन दिएको छ। यसले पशु यौन अपराधीहरूलाई मुद्दा चलाउन अप्राकृतिक कसुरसम्बन्धी ऐन फिर्ता ल्याउन पनि अदालतलाई आग्रह गरेको छ।

"पुरानो कानुनले यौन दुर्व्यवहारलाई स्पष्ट रूपमा परिभाषित गरेको थियो र त्यसलाई एक भयानक अपराधको रूपमा हेरिएको थियो," एफआईएपीओको कानुनी विभागकी प्रमुख वर्णिका सिंह बताउँछिन्।"प्रहरी हिरासतमा पुर्‍याउन सहज थियो। त्यसको कारण उनीहरूले यदि अभियुक्त बाहिर रहेमा उसले त्यस जनावरलाई खतरा हुने र उसले फेरि दुर्व्यवहार गर्न सक्छ भन्ने बुझेका थिए। "अदालतले "उठाइएका मुद्दाको पर्याप्त प्रभाव पर्न सक्छ" भन्ने कुरामा सहमति जनाउँदै सरकारलाई "सक्दो चाँडो निर्णय गर्न" भन्दै त्यसमा विचार गर्न निर्देशन दियो।

तर जनावरविरुद्ध यौन दुर्व्यवहारको विशिष्ट अपराधको विवरण दिने कानुनको अभावमा अपराधीहरूलाई जबाफदेही बनाउन सङ्घर्ष गरिरहनुपरेको अभियानकर्मीहरू बताउँछन्।

अनि यदि पुरानो कानुन फिर्ता ल्याउन नसकिने भए उनीहरू मौजुदा कानुनलाई बलियो बनाउन चाहन्छन्। पूर्णिमा प्रहरीलाई कैयौँ पटक फोन गरेर चौकी पुग्दै बिरालोको बच्चाका बारेमा उजुरी दर्ता गर्न सफल भएको बताउँछिन्।

तर जनावरप्रतिको दृष्टिकोण र क्रूरताविरोधी कानुनमा न्यूनतम जरिवानाको अर्थ "प्रहरीले यस्ता मुद्दा दर्ता गर्नमा कहिल्यै चासो नदिने र उनीहरूले जनावरमाथिको यौन दुर्व्यवहारलाई हास्यास्पद ठान्ने" गरेको देखिने उनको भनाइ छ।उजुरी गरिएको थाहा पाएपछि सन्दिग्ध दुर्व्यवहारकर्ता त्यहाँबाट भागे र कहिल्यै पक्राउ परेनन्।पूर्णिमाले 'ग्रेस' नाम दिएकी बिरालोको बच्चालाई दुर्व्यवहार भएको १५ दिनमा एक भाइरसको सङ्क्रमण देखियो र त्यसको केही समयपछि मृत्यु भयो।

पूर्णिमाको बुझाइमा यदि ती सन्दिग्ध पक्राउ नै परेका भए पनि उनी सहजै जमानतमा छुट्न सक्थे। मुम्बईमा जनावरहरूका लागि आश्रय केन्द्र सञ्चालन गरिराखेकी अभिनेत्री जया भट्टाचार्यलाई सन् २०२४ को डिसेम्बरमा एक महिना उमेर भएको कुकुरको यौन दुर्व्यवहार भएको भन्दै फोन आयो।

दुर्व्यवहार गर्ने व्यक्तिले उसलाई खुवाउने बहानामा आफ्नो घरमा लगेको बताउँदै उनी "छिमेकका बच्चाहरूले पीडाले कराउँदै गरेको" फेला पारेको बताउँछिन्।जयाले सामाजिक सञ्जालमा सो कुकुरका बारेमा लेखिन् र स्थानीय प्रहरीले मौजुदा क्रूरताविरोधी कानुनअन्तर्गत उजुरी दर्ता गराएको बताइन्।

ती मानिसलाई पक्राउ परे तापनि केही घण्टामै उनी धरौटीमा रिहा भए।"यस्ता मानिसहरू हाम्रो समाजका निकै विचित्रका हिस्सा हुन्। जब उनीहरूलाई उचित रूपमा दण्डित गरिँदैन, तब उनीहरू अरूलाई समेत आघात पुर्‍याउन सक्षम हुन्छन्," उनी भन्छिन्। अभियानकर्मीहरूका अनुसार दुर्व्यवहार गर्नेहरूले अन्य जनावरहरूलाई मात्र नभईकन मानिसहरूलाई समेत निसानामा पार्न सक्ने भएकाले सबैको सुरक्षाको लागि त्यस्ता मानिसहरूविरुद्ध मुद्दा चलाउनुपर्छ।

अन्तर्राष्ट्रिय अनुसन्धानहरूले पशु दुर्व्यवहार गर्नेहरूले मानिसहरूलाई पनि दुर्व्यवहार गर्ने देखाएको छ। सन् २०१९ मा 'जर्नल अफ द अमेरिकन अक्याडमी अफ साइकायाट्री एन्ड द ल' मा प्रकाशित एक अध्ययनले सन् १९७५ देखि २०१५ सम्ममा अमेरिकामा पशुपक्षीसँग सम्बन्धित घटनामा भएका ४५६ वटा गिरफ्तारीलाई केलाएको थियो।त्यस क्रममा ३१.६ प्रतिशत पशु यौन अपराधीहरूले बालबालिका र वयस्कहरूविरुद्ध समेत यौन दुर्व्यवहार गरेको थाहा भएको थियो।

सन् २०२४ को अगस्टमा उत्तर भारतको बुलन्दशेर जिल्लाको एक गाउँमा एक सरकारी अधिकारीलाई बाख्रा र उनको हेरचाह गर्ने एक १० वर्षीय बालिकाको यौन दुर्व्यवहारको आरोप लागेको थियो। उनका वकिल वरुण कौशिकले बीबीसीलाई भने, "एक युवकले आसपासको घरको झ्यालबाट ती पुरुषले गरेका दुवै कर्तुत देखेर भिडियो खिचे। उसले युवतीको बुबालाई भिडिओ देखाउँदै त्यसो नगरेको भए यो जघन्य अपराध कहिल्यै प्रकाशमा आउने थिएन।"

ती अधिकारीले अहिले मुद्दाको सामना गरिरहेका छन् र बालबालिकामाथिको यौन दुर्व्यवहार धरौटीमा छुटकारा नपाइने खालको अपराध भएकाले जेलमा छन्। अमेरिका, यूके, अस्ट्रेलिया र क्यानडासहितका कैयौँ देशमा पशु यौन दुर्व्यवहारलाई फौजदारी अपराध मानिन्छ। ती सबै ठाउँमा अपराधीलाई जेल सजाय हुन सक्छ।घटनाको परिस्थिति र राज्यहरूका कानुनमा निर्भर रहँदै अस्ट्रेलिया र अमेरिकामा यसका लागि त्यस्तो सजाय २० वर्षसम्मको हुन सक्छ।

औपनिवेशिक युगको अप्राकृतिक कसुरसम्बन्धी ऐनजस्तै कानुन पाकिस्तान, बाङ्लादेश र नेपालमा समेत लागु छ।भारतमा यस ऐन हटाइनुअघि समेत पशुअधिकार अभियानकर्मीहरूले छुट्टै क्रूरताविरोधी कानुनलाई बलियो बनाउन र यौन दुर्व्यवहारलाई यसको दायरामा ल्याउन अभियान चलाएका थिए। भारत सरकारले त्यस मागको जवाफ दिने क्रममा सन् २०२२ मा क्रूरताविरोधी कानुनमा संशोधनको मस्यौदा तयार पारेको थियो। त्यसले विशेष रूपमा यौन दुर्व्यवहारको विषय थप्यो र क्रूरताको लागि सजायमा व्यापक परिवर्तनहरू प्रस्ताव गर्‍यो।

तर त्यो अझै संसद्मा प्रस्तुत नहुँदा पशुअधिकारकर्मीहरू अझै पनि ठोस कदमका लागि प्रतीक्षारत छन्।"यदि कानुन कडा छ र त्यसबारे धेरैलाई थाहा दिइएको छ भने सायद यसले मानिसहरूलाई यी घिनलाग्दा अपराध गर्नबाट रोक्न सक्छ," पूर्णिमा भन्छिन्।

# दक्षिण कोरियामा पहिलो पाँच महिनामा जन्मदरमा कीर्तिमानी वृद्धि

एएफपी

सियोल । दक्षिण कोरियाले सन् २०२५ को पहिलो पाँच महिनामा जन्मदरमा कीर्तिमानी वृद्धि हासिल गरेको तथ्याङ्क निकायका अधिकारीले बुधबार बताएका छन्।

यो देश विश्वको सबैभन्दा लामो जीवन प्रत्याशा र सबैभन्दा कम जन्म दर भएको मुलकमध्ये एक हो । यो संयोजनले बढ्दो जनसाङ्ख्यकीय चुनौती प्रस्तुत गरेको छ । सियोलले महिलाहरूलाई बढीभन्दा बढी बच्चा जन्माउन प्रोत्साहित गर्न र जनसङ्ख्या स्थिरता कायम गर्न अर्बौं डलर खर्च गरेको छ।

"जनवरीदेखि मे महिनासम्मको पाँच महिनाको अवधिमा दक्षिण कोरियामा जन्म भएका नवजात शिशुको सङ्ख्या एक लाख छ हजार ४८ रहेको छ । यो देशको अघिल्लो बषैको सोही अवधिको तुलनामा ६.९ प्रतिशतले वृद्धि हो रसन् १९८१ मा तथ्याङ्क सङ्कलन सुरु भएयताको सबैभन्दा उच्च वृद्धि दर हो," कोरियाली तथ्याङ्क कार्यालयका अधिकारी काङ ह्युन-योङले भन्नुभयो।

दक्षिण कोरियाले एक दशकभन्दा बढी समयपछि पहिलो



पटक शिशुको जन्मदर र सङ्ख्यामा वृद्धि भएको अनुभव गरेको हो। सन् २०२४ मा नवजात शिशुको सङ्ख्या अघिल्लो वर्षको तुलनामा आठ हजार ३०० अर्थात् ३.६ प्रतिशतले बढेर दुई लाख ३८ हजार ३०० पुगेको छ।

विशेषगरी अप्रिलमा, एक बर्षको अवधिमा सबैभन्दा बढी शिशुले जन्म लिएका छन् । यो अघिल्लो बर्षको सोही महिनाको तुलनामा ८.७ प्रतिशतले वृद्धि हो। अप्रिलमा जन्म भएका कूल शिशुको जन्म सङ्ख्या २० हजार ७१७ रहेको थियो ।पछिल्लो आँकडाले सन् २०२४ को सुरुदेखि नै तीव्र परिवर्तनलाई सङ्केत गरेको छ। सन् २०२४ को जनवरी-मे अवधिमा जन्म सङ्ख्या अघिल्लो वर्षको तुलनामा २.७ प्रतिशतले घटेको थियो।

मे महिनामा प्रजनन दर वा एक महिलाले आफ्नो जीवनकालमा बच्चा जन्माउने औसत सङ्ख्या ०.७५ कायम भएको थियो ।पाँच करोड १० लाख जनसङ्ख्या कायम राख्न २१ लाख बालबालिकाको प्रजनन दर आवश्यक पर्छ ।सियाटलस्थित 'युनिभर्सिटी अफ वासिङ्टनको इन्स्टिच्युट फर हेल्थ मेट्रिक्स एन्ड इभ्यालुएसन'का अनुसार हालको दरमा सन् २१०० सम्ममा जनसङ्ख्या करिब आधा भएर दुई करोड ६८ लाख पुग्नेछ।

**विवाह सहसम्बन्ध**

काङले एएफपीसँग भन्नुभयो, "३० वर्षभन्दा कम उमेरका महिलाको सङ्ख्यामा भएको वृद्धिका कारण विवाहमा वृद्धि भएको हो।

उहाँले भन्नुभयो, "दक्षिण कोरियामा विवाह र बच्चा जन्माउने बिषयबीच बलियो सम्बन्ध छ र यो बर्षको पहिलो पाँच महिनामा बच्चा जन्म बढ्नुलाई पनि गत बर्ष भएको बिबाह सङ्ख्यामा देखिएको वृद्धि जिम्मेवार देखिन्छ।" सन् २०२४ मा दक्षिण कोरियामा विवाहको सङ्ख्यामा १४.८ प्रतिशतले वृद्धि भएको थियो । गत बर्ष कूल दुई लाख २० हजारभन्दा बढी दम्पतीले विवाह गरेका थिए।

बच्चा हुर्काउन सहयोग पुर्‍याउन बनाइएका थुप्रै सरकारी सुविधाहरूले कानुनी रूपमा विवाह नगरेका आमाबाबुलाई समेट्दैन ।विश्लेषकहरूका अनुसार जन्मदरमा ह्रास आउनुमा बच्चा हुर्काउँदा लाग्ने खर्चको मूल्य बढी हुनु रहेको छ।

यसले प्रतिस्पर्धात्मक गतिविधिलाई समाजमा सुरक्षित गर्न गाह्रो बनाउँदछ।"कामकाजी आमाहरूका लागि घरको काम र बच्चाकोहेरचाहकोबोझव्यवस्थापन गर्नु र आफ्नो करियरलाई कायम राख्नु अर्को प्रमुख कारक हो," उनीहरू भन्छन्।

यो प्रवृत्तिलाई उल्टाउन दक्षिण कोरियाली सरकारले नगद अनुदान, अस्थायीरूपमा बच्चाहको रेखदेख (बेबिसिटिङ) सेवा र बाँझोपनको उपचारमा सहयोग प्रदान गर्छ ।मोनाकोपछि विश्वकै दोस्रो सबैभन्दा धेरै बुद्ध्योली जनसङ्ख्या भएको छ।

# अमेरिकी राष्ट्रपति ट्रम्पद्वारा जापानसँग 'बृहत्' व्यापार सम्झौता भएको घोषणा

बीबीसी

काठमाण्डु । अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले जापानसँग 'बृहत्' व्यापार सम्झौता गर्न अमेरिका सहमत भएको बताएका छन्। जापान अमेरिकाको एउटा ठूलो व्यापार साझेदार हो।

सहमतिको योजना अन्तर्गत जापानले अमेरिकामा ५५० अर्ब अमेरिकी डलर लगानी गर्ने र १५ प्रतिशत पारस्परिक रूपमा शुल्कहरू, ट्यारिफ, तिर्ने कुरा भएको ट्रम्पले सामाजिक सञ्जालमा लेखेका छन्।उनले जापानले आफ्नो अर्थतन्त्रलाई कार, ट्रक, चामल र केही कृषि उत्पादनलगायत अमेरिकी उत्पादनका लागि खुला गर्ने बताएका हुन्।

जापानका प्रधानमन्त्री शिगेरु इशिबाले त्यस्तो सम्झौताको स्वागत गरेका छन् तर सम्झौताका थप विवरणहरू अध्ययन गर्न बाँकी रहेको बताएका छन्। जापानका मुख्य व्यापार वार्ताकार रायोसी आकाजावाले एउटा फेसबुक पोस्टमा "मिसन पूरा भएको" ह्यासट्यागसहित ह्वाइट हाउसको भ्रमण गरेको उल्लेख गरेका छन्। सम्झौताबारे विस्तृत जानकारीका लागि बीबीसीले वासिङ्टनस्थित जापानी दूतावाससँग सम्पर्क गरेको छ। "मैले भर्खरै इतिहासकै सबैभन्दा ठूलो व्यापार सम्झौतामा हस्ताक्षर गरेको छु, मलाई लाग्छ जापानसँग इतिहासकै सबैभन्दा ठूलो व्यापार सम्झौता भएको छ," ट्रम्पले मङ्गलवार साँझ ह्वाइट हाउसमा आयोजित एउटा कार्यक्रममा भने।

"उनीहरूका वरिष्ठ मानिसहरू यहाँ थिए र हामीले यसबारे लामो र कठिन काम गर्‍यौँ। यो सम्झौता सबैका लागि ठूलो कुरा हो। म जहिले पनि भन्छु सहमति सबैपक्षका लागि ठूलो हुनुपर्छ। यो ठूलो सम्झौता हो," उनले थपे।ट्रम्पले युरोपेली सङ्घसँगको व्यापार सम्झौता पनि बुधवार घोषणा हुने र चाँडै नै अन्य सम्झौता हुने बताएका छन्।बीबीसीले व्यापार सम्झौताको विस्तृत विवरणका लागि ह्वाइट हाउससँग सम्पर्क गरेको छ।



जापानका प्रधानमन्त्री शिगेरु इशिबाले बुधवार पत्रकारहरूसँग बोल्दै भनेः "वार्ताको परिणामलाई कुन अर्थमा बुझ्ने भन्ने सन्दर्भमा वार्ता र सम्झौताको विस्तृत विवरण सावधानीपूर्वक जाँच नगरेसम्म म यस विषयमा छलफल गर्न सक्दिनँ।"यसै महिना जापानलाई पठाएको पत्रमा ट्रम्पले अगस्ट १ भन्दा अगाडि नयाँ व्यापार सम्झौता नभए अमेरिकामा जापानले गर्ने सामग्रीहरूको निर्यातमा २५ प्रतिशत कर लगाउने चेतावनी दिएका थिए।

यो एप्रिल २ तारिखमा 'लिबरेसन डे' भनेर ट्रम्पले देशमा हुने आयातहरूमा विभिन्न अतिरिक्त शुल्कहरू लागु गर्ने घोषणा गर्दाको समयमा जापानलाई लगाइने भनिएको २४ प्रतिशतको दरभन्दा एक अङ्कले बढी थियो। विश्वभरिका धेरै अमेरिकी व्यापारिक साझेदारहरूलाई अतिरिक्त कर लगाइने घोषणा गरिएको एप्रिलको ट्यारिफ योजना विश्वव्यापी बजार उथलपुथल भएपछि ९० दिनका लागि रोकिएको थियो।

जसले टोकियोका व्यापार प्रतिनिधिहरूलाई वासिङ्टनमा आफ्ना समकक्षीहरूसँग वार्ता गर्न समय दिएको थियो।

टोकियोमा जापानको बेन्चमार्क शेअर सूचकाङ्क निक्केई २२५ बुधवार बिहान २.५ प्रतिशत भन्दा बढीले बढेको थियो।प्रसारण संस्था एनएचकेले जापानी कार निर्माता कम्पनी माथिको विद्यमान कर कटौती हुने जानकारी दिएपछि टोयोटा, निसान र होन्डाजस्ता विशाल मोटर उद्योगका शेअर मूल्यले ठूलो फड्को मारेका थिए।

# लौटैया ताल पर्या–पर्यटनको नयाँ गन्तव्य बन्दै

घोडाघोडी । कैलालीको भजनी नगरपालिका-२ स्थित राधाकृष्ण सामुदायिक वन क्षेत्रमा रहेको लौटैया ताल केही वर्ष अगाडिसम्म अस्तित्वमा थिएन । सुकुम्बासीले अतिक्रमण गरी बस्ती बसेको यस क्षेत्रमा अतिक्रमित संरचना हटाएर सामुदायिक वनका रूपमा संरक्षण गर्दै ताल निर्माण गरेपछि यो क्षेत्र पर्या-पर्यटनको नयाँ गन्तव्य बन्दै गएको हो ।

घामले पानीमा तरङ्ग खेलाइरहेको छ। तालको वरिपरि हरियाली वातावरणले अझै सौन्दर्य थपेको छ । आन्तरिक पर्यटक बोटमा चढेर तालमा रमाइरहेका छन् । यसरी रमाउने पर्यटकको सङ्ख्या दिनहुँ बढ्दै गएको छ। सामुदायिक वनका अगुवाहरूले एक दशकअघि अतिक्रमण हटाएर ताल निर्माण गरेपछि अहिले आन्तरिक पर्यटकका लागि यो ताल पर्या-पर्यटनको नयाँ गन्तव्य बन्दै गएको राधाकृष्ण सामुदायिक वनका अध्यक्ष खुमबहादुर खड्काले बताउनुभयो । "तत्कालीन समयमा अतिक्रमण हटाउन त्यति सहज थिएन ।



अतिक्रमण हटाएको भन्दै मरणासन्न हुनेगरी कुटपिट गरेको याद ताजै छ", उहाँले भन्नुभयो ।

खड्काले सुकुम्बासीलाई किन हटाएको भन्दै घरमा आएर आफूमाथि कुटपिट भएको स्मरण गर्नुभयो। उहाँ यस सामुदायिक वनको स्थापना (२०५६) देखि अध्यक्षका रूपमा हुनुहुन्छ। उहाँले भन्नुभयो, "सुरुआतमा म अध्यक्ष भएँ। बीचमा अरू पनि आए तर गाँउलेले फेरि मलाई अध्यक्ष बनाउनुभयो ।" वन संरक्षणप्रतिको निरन्तर पहलका कारण तीन दशकदेखि वनमा कार्यरत रहेको खड्काले जानकारी दिनुभयो ।

अतिक्रमण, छाडा चरिचरण र बर्सेनि वन डढेलोका वारिपारि गाउँ देखिने वन अहिले घना हरियालीमा परिणत भएको उहाँको भनाइ छ।

अहिले यो वनमा भारतको दुधुवा हुँदै आउने पाटबाघले डमरुहरू हुर्काउने गरेका अध्यक्ष खड्काले जानकारी दिनुभयो । अहिले वनमा चित्तल, बँदेल, गोहोरो, अजिङ्गरलगायत विभिन्न चराचुरुङ्गीको सुरक्षित बासस्थान छ हुनुका साथै लौटैया तालमा यी वन्यजन्तु पानी पिउन आउने गरेका उहाँले उल्लेख गर्नुभयो।

उहाँका अनुसार समूहले वनका खाली ठाउँमा बर्सेनि वृक्षारोपण गर्दै आएका छन्। वनमा बाँस, कुरिलो, सर्पगन्धालगायतका गैरकाष्ठ प्रजातिको रोपण गरिएको जनाउँदै उहाँले संरक्षणप्रतिको गहिरो लगाव र निरन्तरताको पहलका कारण सन् २००३ मा आफूलाई 'अब्राहम कन्जरभेसन अवार्ड'पनि प्राप्त भएको बताउनुभयो । उक्त सम्मानले आफूलाई वन संरक्षणमा थप उत्साहित बनाएको उहाँले धारणा राख्नुभयो ।

खाली गरिएको उक्त क्षेत्रमा सानो ड्याम बनाएर प्राकृतिक रूपमा पानी जम्मा गर्नेगरी ताल बनाइएको खड्काले जानकारी दिनुभयो । "पहिले यहाँ माछापालनमा मात्रै प्रयोग हुन्थ्यो । तर हामीले ताललाई जगेर्ना गर्ने र पर्यटनसँग जोड्ने सोच बनाएर योजनाबद्ध विकास गरेका छौँ", उहाँले भन्नुभयो ।

योजनाबद्ध विकाससँगै पर्यटन प्रवर्द्धनमा केन्द्रित भएपछि आज लौटैया ताल आन्तरिक पर्यटकको रोजाइमा पर्न थालेको अध्यक्ष खड्काले बताउनुभयो । उहाँका अनुसार तालको किनारैकिनार तारबार गरिएको छ। अहिले तालमा तीनवटा डुङ्गा (बोट) सञ्चालित छन् । यो ताल विद्यार्थी, स्थानीय बासिन्दा, वृद्धवृद्धा सबैको रोजाइमा पर्ने गरेको उहाँको भनाइ छ।

विद्यार्थीका लागि रु १५ मा डुङ्गा चढ्न पाउने व्यवस्था गरिएको जनाउँदै पार्क निर्माण समितिका अध्यक्ष अर्जुन सोबले ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिलाई निःशुल्क सुविधा दिने गरिएको बताउनुभयो । उहाँका अनुसार अन्य व्यक्तिलाई रु ३० शुल्क तोकिएको छ। सोबले भन्नुभयो, "दैनिक दुई सयभन्दा बढी पर्यटक यहाँ आउँछन् । सबैले पालो पाउँदैनन्, कहिलेकाहीं डुङ्गा चढ्न नपाएर फर्किनेहरू पनि हुन्छन् ।" डुङ्गा सञ्चालन पछि दैनिक रु तीन हजारसम्म आम्दानी भइरहेको जनाउँदै उहाँले डुङ्गा सयर गर्न बढी विद्यर्थी आउने गरेका बताउनुभयो।

सामुदायिक वनको आम्दानी बढेसँगै स्थानीयलाई रोगजारीको अवसर पनि सृजना भएका वनका अध्यक्ष खड्काले बताउनुभयो । "वनभित्र फोटो खिच्नका लागि फोटोग्राफरलाई महिनाको रु दुई हजार १०० लिनेगरी व्यवस्था गरिएको छ । नगरपालिका र वडामा दर्ता गरी फोटोग्राफरले फोटो खिच्न पाउने निर्णय गरिएको छ, जसका कारण स्थानीय युवाले रोजगारी पाएका छन्", उहाँले भन्नुभयो।

तालको नजिकै बन्न थालेको थारू सङ्ग्रहालयले लौटैया तालको महत्व बढाएको छ। सङ्घीय सरकारले रु ९० लाख र प्रदेश सरकारले रु १० लाख बजेटमार्फत सङ्ग्रहालयको संरचना निर्माण गरेको भजनी नगरपालिका-२ का वडाध्यक्ष दुर्गाबहादुर पुनले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "वडा कार्यालयमार्फत पनि केही रकम सहयोग गरेका छौँ। डुङ्गा सयरको सुविधासहित पार्क सञ्चालनमा आइसकेको छ । सङ्ग्रहालयको घर बन्न बाँकी छ।"

> राधाकृष्ण सामुदायिक वनका अध्यक्ष खड्काले भन्नुभयो, "हामीले भर्खरै डुङ्गा सञ्चालन गरेका छौं । यसलाई कम मूल्यमा सुविधा लिन पाउने व्यवस्था गरेका छौं र आम्दानी पनि भइरहेको छ । त्यसैबाट वनको संरक्षणका साथसाथै फोहरमैला व्यवस्थापन र पर्या-पर्यटनका थप पूर्वाधार निर्माणमा लगानी गर्नेछौं ।"

पर्या-पर्यटनसँगै थारू कला, संस्कृतिको संरक्षणका लागि सङ्ग्रहालय बनाउन लागिएको भजनी-२ का वडाध्यक्ष पुनले बताउनुभयो। उहाँका अनुसार हाल सङ्ग्रहालयको संरचना निर्माण अन्तिम चरणमा पुगेको छ। "भवन बन्दै छ, तर भित्र राखिने परम्परागत सामग्री, थारू जीवनशैली झल्काउने पुराना औजार र लुगाकपडा अझै सङ्कलन हुन बाँकी छ", वडाध्यक्ष पुनले भन्नुभयो, "सङ्ग्रहालय बनेपछि लौटैया ताल आउनेहरूले डुङ्गा सयरका साथै थारू संस्कृति पनि नजिकबाट देख्न पाउनेछन् । यसले पर्यटकको चहलपहल झन् बढाउने छ।"

वनका अध्यक्ष खड्काले अहिले ताल छ बिघा क्षेत्रमा फैलिएको जनाउँदै सामुदायिक वन समितिले यसलाई २० बिघासम्म विस्तार गर्ने योजना अघि सारेको बताउनुभयो । कैलालीको यो सानो ताल आजभोलि सामुदायिक वनहरूमा पर्या-पर्यटनको सफल उदाहरण बन्दै गएको छ।

यहाँ वनभोज खानआउनेहरूका लागि रु आठ सयमा भाडा, दाउँरा, पानीलगायत सामग्रीको व्यवस्था सामुदायिक वनले गर्दै आएको उल्लेख गर्दै वडाध्यक्ष पुनले यसबाट वनको आम्दानी बढ्नाका साथै स्थानीयलाई रोजगारी सृजना भइरहेको बताउनुभयो।

राधाकृष्ण सामुदायिक वनका अध्यक्ष खड्काले भन्नुभयो, "हामीले भर्खरै डुङ्गा सञ्चालन गरेका छौं। यसलाई कम मूल्यमा सुविधा लिन पाउने व्यवस्था गरेका छौं र आम्दानी पनि भइरहेको छ । त्यसैबाट वनको संरक्षणका साथसाथै फोहरमैला व्यवस्थापन र पर्या-पर्यटनका थप पूर्वाधार निर्माणमा लगानी गर्नेछौं ।" वनमा पर्या-पर्यटनका क्षेत्रमा पूर्वाधार विस्तार गर्न थालिएको बताउँदै उहाँले सुरुआतमै आन्तरिक पर्यटकको रोजाइमा परेकाले आगामी दिनमा विस्तृत योजना बनाएर कार्यान्वयन गरिने उल्लेख गर्नुभयो।


वन ऐन र नियमावलीमा सामुदायिक वनमा पर्या-पर्यटन सञ्चालन गर्न सकिने प्रावधान रहेको जनाउँदै उहाँले सरकारले 'सामुदायिक वनमा पर्या-पर्यटन सञ्चालन कार्यविधि' समेत जारी गरेकाले सोहीअनुसार आगामी योजना निर्माण गरिने उल्लेख गर्नुभयो ।रासस

# धान, गहुँ र तोरीको बीउ उत्पादनमा किसानलाई सघाउँदै सहकारी

टीकापुर । बचत गर्नका लागि स्थापना भएको सहकारीले किसानका समस्या बुझेपछि बिजवृद्धिका क्षेत्रमा काम गरिरहेको छ। कैलालीको टीकापुर नगरपालिका-७ सत्तीस्थित उज्यालो बहुउद्देश्यीय सहकारी संस्था स्थापना हुँदा बचत तथा ऋण लगानी गर्ने उद्देश्य राखेको थियो। सहकारीका शेयर सदस्य सबै किसान भएकाले उनीहरुलाई खेती उत्पादनमा सघाउनुपर्छ भनी सहकारीले पनि बिजवृद्धिको काम थाल्यो।

सहकारीले धान, गहुँ र तोरीको बीउ उत्पादन गर्ने गरेको छ। सहकारीले वार्षिक ३०० टन बीउ उत्पादन गरेर बेच्दै आएको सहकारीका व्यवस्थापक रामकृष्ण चौधरी बताउनुहुन्छ। "सहकारीले शेयर सदस्यलाई बीउमा अनुदान दिने गरेको छ। किसानलाई बीउमा ५० प्रतिशत अनुदान दिने आवश्यक मेसिनलगायतका सहयोग सिँचाइ आयोजनाबाट पाएको छ। आयोजनालाई प्रशोधनका लागि आवश्यक मेसिनलगायतका सामग्री पाएपछि किसानलाई समेत सहज भएको, बीउ बाहिरबाट ल्याउँदा महँगो हुने गरेकोमा सहुलियत दरमै चाहेकै बेला गुणस्तरीय बीउ पाइरहेका चौधरी बताउनुहुन्छ। "हाल सहकारीको कारोबार रु नौ करोडसम्म हुने गरेको छ", उहाँले भन्नुभयो, "विगतमा नेपालगञ्ज, कञ्चनपुरलगायतका ठाउँबाट बीउ किनेर ल्याउने किसानलाई सहज भएको छ। सहकारीमा सहुलियत दरमा बीउ पाइन्छ। किसानकै उत्पादन बीउ हामीले भण्डारण गर्ने गरेका छौं ।"

सहकारीले कृषिका धैरै क्रियाकलाप सञ्चालन गरिरहेको, धैरै किसान आबद्ध भएका रानीजमरा कुलरिया



गरेको छ", रामकृष्ण भन्नुहुन्छ, "३१ जनाले रु १००/१०० रकम जम्मा गरी सुरु गरेको सहकारीमा हाल एक हजार ५८ जना शेयर सदस्य छन् ।"

विसं २०६३ मा बचत सङ्कलन गर्ने उद्देश्यले स्थापना भएको सहकारीले २०७२ सालदेखि बीउ उत्पादन सुरु गरेको हो । रानीजमरा कुलरिया सिँचाइ आयोजना कृषि कार्यक्रम कार्यान्वयन एकाइले सहयोग गरेपछि सहकारीले बीउ उत्पादनलाई प्राथमिकतामा राखेर काम गरिरहेको उहाँको भनाइ छ।

हाल सहकारी संस्थाको कार्यालय भवन र तीन भण्डारण गोदाम छन्। असी/असी टनका तीन बीउ भण्डारण घर छन्। सहकारीले बीउ उत्पादनका लागि सिँचाइ आयोजना कृषि कार्यक्रम कार्यान्वयन एकाइका प्रमुख भरत कँडेल बताउनुहुन्छ। "खेती नै मुख्य आधार हो, यसमा लगानी गर्ने सहकारीलाई हामीले पनि प्राथमिकता दिने गरेका छौं", उहाँले भन्नुभयो, "बिजवृद्धिमा लागेकाले सहकारीको स्तरोन्नतिमा सघाएका हौं। सहकारीलाई चाहिने भण्डारण घर, ग्रेडिङ मेसिन, धान, गहुँ काट्नका लागि प्रयोग हुने हार्वेस्टर मेसिनलगायत सबैखाले सहयोग भएको छ।"

स्थानीय किसान सौरभ चौधरी सहकारी र सिँचाइ आयोजनाले किसानलाई खेती गर्न सहज बनाइदिएको बताउनुहुन्छ। "विगतमा खेती गर्न कठिन हुन्थ्यो, खेती गर्न महिनौं लाग्थ्यो", उहाँले भन्नुभयो। रासस

# एक सय ५७ रोपनीमा सुन्तलाखेती विस्तार

दमौली । जिल्लास्थित कृषि ज्ञान केन्द्रले १५७ रोपनी क्षेत्रफलमा सुन्तलाखेती विस्तार गरेको छ। आर्थिक वर्ष २०८१/८२ को कार्यक्रमअनुसार केन्द्रले उक्त क्षेत्रफलमा सुन्तलाखेती विस्तार गरेको हो।

केन्द्रले ब्लक विकास कार्यक्रमअन्तर्गत भिमाद नगरपालिका-९ स्थित अस्पाग्दी सुन्तला विकास कृषक समूहमार्फत तीन हजार १५० सुन्तलाका बोट लगाइएको केन्द्रका प्रमुख गोपाल शर्मा लामिछानेले जानकारी दिनुभयो। उहाँका अनुसार यस कार्यक्रमका लागि रु १४ लाख ५० हजार बजेट विनियोजन गरिएकामा रु सात लाख ४८ हजार खर्च भएको छ।

३८१ रोपनी क्षेत्रफलमा लगाइएका फलफूल बगैँचा व्यवस्थापन तथा सुदृढीकरण भएको छ।

यस कार्यक्रममार्फत ५० किलो चुना, ४० किलो नीलोतुथो, २६० किलो 'रेडिमेड पेष्ट', एक लाख ९४ हजार ८०० किलो गोबर मल, ३०० किलो पिना, तीन हजार १०० मिटर सिँचाइ पाइप, आठ ब्रस कटर, दुई मिनीटिलर, ६० आरी, एक मोटर र एक तराजु वितरण गरिएको छ।

फलफूल बगैँचा स्थापना तथा विस्तार कार्यक्रमअन्तर्गत ४१४ रोपनी क्षेत्रफलमा नयाँ फलफूल बगैँचा स्थापना गरिएको केन्द्रले जनाएको छ। कार्यक्रम सञ्चालनका लागि २० कृषक समूह छनोट भएका गरी रु ३०



लाख बजेटमध्ये रु १३ लाख ५३ हजार खर्च भएको लामिछानेले जानकारी दिनुभयो।

यस कार्यक्रमबाट सुन्तला कलमी एक हजार २७२, सुन्तला बिजु तीन हजार २५०, कागती कलमी ४६०, कागती बिजु ७९०, निबुवा ४६०, एभोकाडो १६०, लिची १६७, मेवा ८२०, केरा ५२८, ड्रागन एक हजार ५०० र अन्य बिरुवा ३२९ रोपिएका छन्।

सुन्तलाजात फलफूल बगैँचा सुदृढीकरण कार्यक्रमअन्तर्गत सात हजार ९२५ रोपनी क्षेत्रफलमा लगाइएको सुन्तलाजात फलफूल बगैँचा व्यवस्थापन तथा सुदृढीकरण गरिएको छ। रासस

यस कार्यक्रमअन्तर्गत सहकारीलाई आठ मिनीटिलर, सात स्प्रेयर, पाँच आरी, दश सिकेचर, दश ट्र्याक्टर गोठेमल वितरण गरिएको जनाउँदै उहाँले तीन पोखरी र चार सिँचाइ ट्याङ्की निर्माण गरिएको बताउनुभयो।

यसैगरी, केन्द्रले सोही आर्थिक वर्षमा १९ वटा सहकारीमार्फत फलफूल बगैँचा व्यवस्थापन तथा सुदृढीकरण सहयोग कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रमका लागि रु १५ लाख बजेट विनियोजन गरिएकामा रु १० लाख ४० हजार वितरण गरिएको लामिछानेले जानकारी दिनुभयो। उहाँका अनुसार कार्यक्रममार्फत

# पर्यटन प्रवर्द्धनका लागि मौलिक संस्कृति र सम्पदाको संरक्षण

म्याग्दी । पर्यटन प्रवर्द्धनका लागि म्याग्दीको अन्नपूर्ण गाउँपालिका-७ हिस्तानमा मौलिक संस्कृति र सम्पदा संरक्षणगर्न थालिएको छ । यस वडामा बाहुल्य बसोबास रहेको मगर समुदायको मौलिक सम्पदा भूमे थान, धार्मिकस्थल गिद्धेश्वर मन्दिर, कला र संस्कृतिको संरक्षण तथा व्यवस्थापनमार्फत पर्यटन प्रवर्द्धनको प्रयास थालिएको हो।

भूमे पूजा गर्ने संस्कृतिको निरन्तरताका लागि थानहरूको संरक्षण, मौलिक पुर्ख्यौली नृत्यको पुस्तान्तरण र जनजीवनमा प्रयोग हुने सामग्रीहरूको संरक्षणका सङ्ग्रहालय भवन बनाइएको अन्नपूर्ण-७ का वडाध्यक्ष मइलन गर्बुजा पुनले जानकारी दिनुभयो।

मगर समुदायमा भूमे थानको धार्मिक र सांस्कृतिक महत्त्व छ । भूमे थानमा यस समुदायले प्रकृतिको पूजा गर्छन् । धार्मिकस्थल र संस्कृति संरक्षणको साथै पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले यस वर्ष हिस्तानको घराम्दी र रिमास्थित भूमेथानमा पूर्वाधार निर्माण गरेको वडाअध्यक्ष पुनले बताउनुभयो।

"गाउँपालिकाको रु नौ लाख बजेटबाट घेराबार, पदमार्ग र पर्खाल बनाएर संरक्षण गरिएको हो। रिमाको भूमेथानमा समुदायले आर्थिक सहयोग जुटाएर निरन्तरता दिएका छन्", उहाँले भन्नुभयो, "रु १२ लाख बजेटबाट घराम्दीको भूमेथान वरपर तारजाली लगाएर घेराबार, खानेपानी, सार्वजनिक शौचालय, पदमार्ग र आश्रयस्थल निर्माण भएका छन्।"

प्रधानमन्त्री रोजगार कार्यक्रमको रु छ लाख ९० हजार बजेटबाट घराम्दी



गाउँबाट भूमेथान जोड्ने ढुङ्गाको सिँढीसहितको पदमार्ग निर्माण भएको छ । भूमेथान वरपर पर्खाल, तारबार र फलामको घेराबार गरेपछि दुर्घटनाको जोखिम हटेको अन्नपूर्ण-७ का वडा सदस्य गेमबहादुर पुनले बताउनुभयो।

"पूजाआजाको समयमा भीडभाड हुँदा साँघुरो ठाउँमा लडेर दुर्घटना हुने जोखिम थियो", उहाँले भन्नुभयो, "घेराबार, पदमार्ग र खानेपानीलगायत पूर्वाधार बनेपछि सहज र सुरक्षित भएको छ ।" भूमेपूजाका लागि सहरबजार र विदेशमा गएकाहरु पनि आफ्नो जन्मथलो फर्कंदा चहलपहल हुन्छ।

"म्याग्दीका सबै मगर बस्तीमा जेठ महिनामा भूमे पूजा गर्ने चलन छ। केही ठाउँमा मङ्सिरमा भूमे पूजा गरिन्छ । गाउँलेहरू भेला भएर साझा रूपमा भूमे पूजा गरेर भोज र मगर संस्कृतिमा आधारित पुर्ख्यौली नाच प्रस्तुत गर्छन्", उहाँले भन्नुभयो।

विपद् र अनिष्ट नहोस् भन्ने कामनासहित भूमेको थानमा भैँडाको साँढेको बलि चढाएर नाचगान गर्दै जमिन र प्रकृतिको पूजा गर्ने चलन रहेको अन्नपूर्ण-७ का पूर्ववडाध्यक्ष गमप्रसाद फगामीले बताउनुभयो । उहाँका अनुसार अन्नपूर्ण गाउँपालिकाले टिकोटमा पर्यटक आकर्षित गर्न, भुलाउन र परम्परागत मौलिक सामग्रीको संरक्षण गर्न सङ्ग्रहालय स्थापनाका लागि भवन बनाइएको छ।

पछिल्लो दुई आर्थिक वर्षमा विनियोजन भएको रु २९ लाख बजेटबाट निर्माण भएको दुईतले भवनमा दैनिक जीवनयापनमा प्रयोग हुने परम्परागत मौलिक सामग्री सङ्कलन गरेर राखिने वडा सदस्य बुद्धिवीर पुनले बताउनुभयो।

यसैगरी, हिस्तानको औलास्थित धार्मिकस्थल गिद्धेश्वर मन्दिर जोड्ने पदमार्गलगायत पूर्वाधार निर्माणका लागि चालु आर्थिक वर्षमा रु १५ लाख बजेट विनियोजन भएको छ । विभिन्न टोलका पुर्ख्यौली नृत्य समूहलाई पोसाक सहयोग र युवा पुस्तालाई कला हस्तान्तरणका लागि प्रशिक्षण सञ्चालन भएका छन्।

हिस्तानको घराम्दीस्थित प्यारीबाराही तालको वरपर पदमार्ग निर्माण र तालमा उम्रिएको झार निकालेर सफा गरिएको छ। रासस


मधेश प्रदेश सरकार
भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
**कृषि विकास निर्देशनालय**
नक्टाझिज, धनुषा
मधेश प्रदेश, नेपाल

**जीवनाशक विषादी विक्रेता इजाजतपत्र नवीकरण सम्बन्धी सूचना**

प्रकाशित मितिः२०८२/०४/०८

मधेश प्रदेश सरकारबाट जीवनाशक विषादी विक्रेता इजाजतपत्र नवीकरण निर्देशिका (पहिलो संशोधन), २०८२ मिति २०८२/०४/०६ गते जारी भएको सबैमा सूचित गराइन्छ। मिति २०८२/०४/०६ गते भन्दा अगाडि म्याद समाप्त भई नवीकरण हुन बाँकि रहेको हकमा एक पटकको लागि ३० (तिस) दिन (२०८२ भदौ ०४ गते) भित्र नवीकरण शूल्क रू. ५,००० ( रूपैया पाँच हजार मात्र) सहित देहायको कागजातहरु संलग्न गरी सम्बन्धित जिल्ला स्थित कृषि ज्ञान केन्द्रमा सोही निर्देशिकाको अनुसूची १ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ।

साथै मिति २०८२/०४/०६ गते पश्चात् ईजाजतपत्रको अवधि समाप्त हुनेहरुको हकमा म्याद समाप्त भएको मितिले ३५ (पैतिस) दिन भित्र नवीकरण शुल्क बापत रू २,५०० (रुपैंया दुई हजार पाँच सय मात्र) र तत् पश्चात् ३० (तिस) दिन भित्र विलम्ब शुल्क बापत थप रू २,५०० (रुपैंया दुई हजार पाँच सय मात्र) सहित देहायको कागजातहरु संलग्न गरी सम्बन्धित जिल्ला स्थित कृषि ज्ञान केन्द्रमा सोही निर्देशिकाको अनुसूची १ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ।

जीवनाशक विषादी विक्रेता इजाजतपत्र नवीकरण निर्देशिका (पहिलो संशोधन), २०८२ श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, श्री कृषि विकास निर्देशनालय, तथा जिल्ला स्थित श्री कृषि ज्ञान केन्द्रहरुको वेभ साईट मार्फत डाउनलोड गर्न सकिनेछ।

**सम्पर्क व्यक्ति**: श्री सुदिप चौधरी, मोबाईल नम्बर ९८५४०४५४६५

**देहाय**

क) इजाजतपत्र र नवीकरणको सक्कल प्रति,
ख) कारोबारको वार्षिक परिमाण र मूल्य विवरण,
ग) अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्र,
घ) नवीकरण दस्तुर दाखिला गरेको बैंक भौचर वा अनलाईन पेमेन्ट रिसिप्ट
ङ) विषादी विक्रेताको तालिम लिएको प्रमाणपत्र
च) संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि
छ) संस्थाको स्थायी लेखा नम्बर/भ्याट नम्बर प्रमाणपत्रको प्रतिलिपि
ज) फार्म/व्यवसायको विवरण

# नारायणी अस्पतालमा तीन सातादेखि सेवा ठप्प, बिरामी हैरान

**टुडे समाचारदाता**




वीरगञ्ज । पशु काटदिने वा टोक्ने घटनापछि जीवनरक्षाका रूपमा अत्यावश्यक मानिने रेबिजविरुद्धको खोप (सुई) नारायणी अस्पताल, वीरगञ्जमा विगत तीन सातादेखि अभाव भएको छ। निःशुल्क रूपमा उपलब्ध हुनुपर्ने यो खोप नपाउँदा सेवाग्राहीहरू उपचारका लागि भौतारिनुपर्ने अवस्था आएको छ।

अस्पतालका सूचना अधिकारी डा. उदयनारायण सिंहका अनुसार रेबिज खोपको आपूर्ति व्यवस्था केन्द्र सरकारले गर्छ, जसपछि स्वास्थ्य विभागमार्फत प्रदेश र अन्ततः अस्पतालहरूमा वितरण गरिन्छ। तर केन्द्रबाट नै आपूर्ति नहुँदा नारायणी अस्पतालमा सेवा रोकिएको डा. सिंहले बताए।

हाल अस्पतालमा दैनिक १० देखि १५ जनासम्म रेबिज खोप लगाउन आउने गरेका छन्। तर खोप नभएकाले ती सबै बिरामीलाई बाह्य मेडिकल स्टोरबाट निजी रूपमा खोप किनेर ल्याउन सिफारिस गर्नुपरेको डा. सिंहले जानकारी दिए।

खोप अभाव नारायणी अस्पतालमा मात्र नभइ पर्सा जिल्लाका अन्य स्वास्थ्य संस्थाहरूमा पनि देखिएको छ। यो संकट व्यवस्थापन गर्न प्रदेश सरकार र केन्द्र सरकारबीच समन्वय अभाव देखिएको छ। यद्यपि, डा. सिंहले यो साउन महिनाभित्र खोप आपूर्ति हुने अपेक्षा व्यक्त गरेका छन्।

यति संवेदनशील उपचारको खोप नै अभाव हुँदा नागरिकको जीवन जोखिममा परेको छ। सरकारले निःशुल्क वितरण गर्ने भनिएको खोप निजी फार्मेसीमा महँगो मूल्यमा खरिद गर्नुपरेको सेवाग्राहीहरूको गुनासो छ।

स्वास्थ्य प्रणालीको प्राथमिक तहमा पर्ने खोप सेवामा यस्तो अभाव हुनु जनस्वास्थ्य नीतिको कमजोरी हो भन्ने आलोचकहरूको भनाइ छ। सिजनको समयमा रेबिजका घटनाहरू बढ्ने गर्छन्, यस्ता संवेदनशील औषधिको अग्रिम तयारी नहुनु सरकारी लापरबाही छ। प्रदेश स्वास्थ्य निर्देशनालय तथा स्वास्थ्य सेवा विभागले खोप अभावको वास्तविक कारण सार्वजनिक गर्नु आवश्यक छ। साथै, स्थानीय तह, प्रदेश र संघबीच समन्वय गरेर आपूर्तिको सुनिश्चितता गर्न विज्ञहरू आग्रह गरिरहेका छन्।

नारायणी अस्पतालमा रेबिज खोप अभावले देखाएको स्थितिले मुलुकको स्वास्थ्य आपूर्ति प्रणालीमै संरचनात्मक कमजोरी रहेको संकेत गर्छ। जनस्वास्थ्यको आधारभूत आवश्यकतामा यस्तो अभाव हुनु दुःखद मात्र होइन, नागरिकको जीवनमाथिको लापरबाही छ। तत्काल खोपको आपूर्ति र दीर्घकालीन समाधानका लागि नीति सुधार आवश्यक देखिन्छ।

# तीन महिने विपद् संकटग्रस्त क्षेत्र घोषणा

**मधेश प्रदेशमा लामो समयदेखि पानी नपरेकाले जमिनमा पानीको स्रोत सुकेको छ । अत्यधिक प्रयोगका कारण भूमिगत पानीको सतह घटेको छ भने खानेपानीको समेत चरम अभाव भएको छ ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । पानीको चरम अभावका कारण मधेश प्रदेशका आठ वटै जिल्लालाई तीन महिनाका लागि विपद् संकटग्रस्त क्षेत्र घोषणा गरिएको छ।

गृहमन्त्री रमेश लेखकको प्रस्तावमा बुधबार बसेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् बैठकले यो महत्वपूर्ण निर्णय गरेको छ।

मधेश प्रदेशमा लामो समयदेखि पानी नपरेकाले जमिनमा पानीको स्रोत सुकेको छ। अत्यधिक प्रयोगका कारण भूमिगत पानीको सतह घटेको छ भने खानेपानीको समेत चरम अभाव भएको छ। नदी र कुलोहरूमा पनि पानीको कमी हुँदा सिँचाइ प्रणालीमा गम्भीर असर परेको छ। कृषि क्षेत्रमा यसको प्रत्यक्ष प्रभाव देखिएको छ, जहाँ कुल खेतीयोग्य जमिनको ४६ प्रतिशतमा मात्र रोपाइँ हुन सकेको छ।

मनसुनमा आधारित कृषि प्रणाली भएकाले यस वर्ष उत्पादनमा भारी कमी आउने अनुमान गरिएको छ। मधेश प्रदेश सरकारले संघीय सरकारलाई संकटग्रस्त क्षेत्र घोषणा गर्न सिफारिस गरेको थियो। प्रदेश सरकारको निर्णयसहित आएको प्रस्तावलाई गृह मन्त्रालयले स्वीकार गरी राजपत्रमा सूचना प्रकाशित गरेपछि यो घोषणा लागू भएको छ।



'विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४' अनुसार, नेपाल सरकारले देशको कुनै पनि भागमा गम्भीर विपद् आएमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी त्यस क्षेत्रको सिमाना र अवधिसहित संकटग्रस्त क्षेत्र घोषणा गरिएको छ। घोषणा गरिएको अवधिमा अवस्था सामान्य नभएमा, सरकारले अवधि बढाउन पनि सक्छ। यस्तो घोषणा राष्ट्रियस्तरका सञ्चारमाध्यमबाट पनि प्रकाशन र प्रसारण गर्नुपर्ने व्यवस्था छ।

अवस्था सामान्य भएपछि सरकारले जुनसुकै बेला यो घोषणा फिर्ता लिन सक्छ।

सो घोषणासँगै सरकारले मधेश प्रदेशमा पानीको समस्या समाधान गर्न विभिन्न कदम चाल्न सक्छ। सरकारले पानीको अभाव टार्न ट्यांकरजस्ता सवारी साधन लाई निश्चित अवधिका लागि नियन्त्रणमा लिएर प्रयोग गर्न सक्छ। संकटग्रस्त क्षेत्रमा थप कर्मचारी खटाउने व्यवस्था पनि छ। सरकारले सहयोग टोली गठन गरी प्रभावित क्षेत्रमा पठाउन सक्छ। कृषि मन्त्रालयले सिँचाइ अभावको अध्ययन गर्न ४ सदस्यीय सरकारी टोली पठाइसकेको छ। विशेष परिस्थितिमा तत्काल राहत सामग्री खरिद वा निर्माण कार्य गर्न आवश्यक भएमा सार्वजनिक खरिद ऐनको विशेष व्यवस्थाअनुसार खरिद गर्न सकिन्छ। खानेपानी मन्त्री प्रदीप यादवले डिप बोरिङ र पाइप विस्तारमा जोड दिएकाले यसका लागि आवश्यक उपकरण सरकारले खरिद गर्न सक्नेछ।

त्यस्तै संकटग्रस्त क्षेत्र घोषणा भएपछि विदेशी नागरिक वा संस्थाले प्रभावित क्षेत्रमा प्रवेश गर्न नेपाल सरकारको स्वीकृति लिनुपर्ने हुन्छ। यदि आन्तरिक स्रोत-साधनले विपद् सामना गर्न नसकेमा, सरकारले अन्तर्राष्ट्रिय मानवीय तथा अन्य सहयोग लिन सक्नेछ, वा आवश्यक नभएमा सहयोग अस्वीकार पनि गर्न सक्नेछ।

यो घोषणाले मधेश प्रदेशमा देखिएको पानीको समस्यालाई समाधान गर्न सरकारी प्रयासलाई थप बल पुग्ने अपेक्षा गरिएको जनाइएको छ।

## एसएसबीले चलायो गोली, एक जना घाइते

**टुडे समाचारदाता**

जनकपुरधाम। नेपाल-भारत सीमावर्ती क्षेत्रतर्फमा भारतीय प्रहरीले गोली चलाउँदा एकजना भारतीय घाइते भएका छन्।

सीमावर्ती क्षेत्र अवस्थित भारतको महिनाथपुरमा भारतीय सशस्त्र सीमा बल एसएसबीले गोली चलाउदा एक भारतीय नागरिक घाइते भएका छन्।

धनुषा जिल्लाको विदेह नगरपालिका-१ स्थित महिनाथपुर सीमावर्ती क्षेत्रमा गोली चलेका थियो।

भारतको बिहार राज्य अन्तर्गत मधुवनी जिल्लाको ग्रामपञ्चायत-६ स्थित महिनाथपुर क्षेत्रमा किसानहरूले खाद्य सामग्री ल्याउने क्रममा उत्पन्न विवादपछि भारतीय एसएसबीले चार राउण्ड गोली प्रहार गरेको पुष्टि भएको छ। गोली प्रहारमा भारतीय नागरिक ४५ वर्षीय भर्ता पासवान घाइते भएका छन्।

स्थानीय व्यापारी लालमोहन पासमानसँगको विवादलाई नियन्त्रणमा लिन खोज्दा गोली प्रहार गरिएको र त्यस क्रममा भर्ता पासमानको दाहिने कम्मरमा दुई राउण्ड गोली लागेको भारतीय सुरक्षा अधिकारीलाई उद्धृत गर्दै नेपाली सशस्त्र प्रहरीले जनाएको छ। घाइते पासवानलाई भारतको बिहारको दरभंगास्थित मेडिलक कलेजमा उपचारका लागि लगिएको एसएसबीले जनाएको छ।

सो घटनापछि नेपालतर्फ सशस्त्र प्रहरी बल मधेश प्रदेश अन्तर्गत छिन्नमस्ता वाहिनीका अनुसार महिनाथपुर सीमा क्षेत्र तत्कालका लागि बन्द गरिएको छ।

# खानेपानी समस्या समाधान गर्न समिति गठन

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशमा खानेपानी समस्या समाधान गर्नका लागि एक समिति गठन गरिएको छ। खानेपानी मन्त्रालयमातहत रहेको खानेपानी तथा ढल व्यवस्थापन विभागले तराई-मधेशमा देखिएको खानेपानी समस्यालाई समाधान गर्न दुई समिति गठन गरी स्थलगत अनुगमन थालिएको छ।



सहलगानी खानेपानी तथा सरसफाइ आयोजनाका आयोजना निर्देशक नारायणप्रसाद आचार्य र विभागका उपमहानिर्देशक बालमुकुन्द श्रेष्ठको संयोजकत्वमा दुईवटा छुट्टाछुट्टै समिति गठन गरिएको विभागका महानिर्देशक इञ्जिनियर रामकुमार श्रेष्ठले जानकारी दिए।

उनले भने, "समस्या समाधान गर्न समिति गठन गरी आजै परिचालन गरेका छौं। समितिले १० दिनभित्र अनुगमन प्रतिवेदन तयार गरी विभागमा पेश गर्नेछ।"

आयोजना निर्देशक आचार्यको संयोजकत्वमा गठन गरिएको समितिमा सहलगानी खानेपानी तथा सरसफाइ आयोजनाका सिनियर डिभिजन इञ्जिनियर मिहिरचन्द्र आचार्य, जनकपुर खानेपानी तथा ढल व्यवस्थापन कार्यालयका इञ्जिनियर किरण विष्टलाई सदस्य तथा खानेपानी तथा ढल व्यवस्थापन विभागको केन्द्रीय खानेपानी आयोजनाका ई. सुधिर कुमार साहलाई सदस्यसचिव तोकिएको जनाइएको छ।

त्यस्तै उपमहानिर्देशक श्रेष्ठको संयोजकत्वमा गठित मधेश प्रदेशमा खानेपानी समस्या समाधान समितिमा वीरगञ्ज खानेपानी तथा ढल व्यवस्थापन कार्यालयका प्रमुख विपुलकुमार लाल दास, इञ्जिनियर प्रदीपकुमार साह सदस्य तथा खानेपानी तथा ढल व्यवस्थापन विभागका सिनियर डिभिजन इञ्जिनियर चन्द्रकुमार श्रेष्ठलाई सदस्यसचिव तोकिएको विभागले जनाएको छ।

दुवै समितिलाई सम्बन्धित जिल्लामा स्थलगत अध्ययन, अनुगमन, विश्लेषण गरी खानेपानी समस्या समाधान गर्न आवश्यक सुझावसहित प्रतिवेदन पेश गर्न भनिएको छ।

# करेन्ट लागेर दुई जनाको मृत्यु

**टुडे समाचारदाता**

रौतहट । रौतहटमा विद्युतीय मोटर मार्फत खेतमा सिचाइँ गर्ने क्रममा करेन्ट लागेर दुई जना कृषकको मृत्यु भएको छ।

माधवनारायण नगरपालिका-४ स्थित विसुनपूर्वा मानपुरका ४० वर्षीय रामबाबु मुखियाँ र कटहरिया नगरपालिका-२ जमुनियाका ५२ बर्षीय मोक्तार देवानको मृत्यु भएको छ।

धान खेतमा सिँचाइका लागि विद्युतीय मोटर जोडने क्रममा करेन्ट लागेर दुबै जनाको मृत्यु भएको प्रहरीले जानकारी दिए।

धान रोपाइँका लागि खेतमा सिंचाई गर्ने विद्युतीय मोटर जडानका बेलामा करेन्ट लागेर छुट्टाछुट्टै स्थानमा दुई जना कृषकको मृत्यु भएको इलाका प्रहरी कार्यालय गरुडाका डीएसपी राजन कार्कीले बताए।

आकाशे बर्षा नहुँदा विद्युतीय मोटर मार्फत खेतमा सिंचाई गरि अधिकाश कृषकले धान रोपाइँ गरेका छन् । तर असावधानीका कारण करेन्ट लागेर ज्यान जाने गरेको डीएसपी कार्कीले बताए। करेन्ट लागेर अचेत भएका दुबै जनालाई स्थानीय अस्पतालमा उपचारका क्रममा मृत्यु भएको उनले बताए।

देवानको गए राति करेन्ट लागेको र गरुडामा रहेको ग्रान्डी अस्पतालमा मृत्यु भएको प्रहरीले जानकारी दिए। खेतमा सिँचाइ गर्ने क्रममा करेन्ट लागेको मुखियाको भने प्रादेशिक अस्पताल गौरमा मृत्यु भएको इलाका प्रहरी कार्यालय गरुडाले जनाए।

मृतक दुवै जनाको शव प्रादेशकि अस्पताल गौरमा रहेको र आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यलय रौतहटले जनाएको छ।

# आन्तरिक लक्ष्यभन्दा बढी राजस्व उठ्यो

**टुडे समाचारदता**

जनकपुरधाम । सात वर्षपछि तोकिएको लक्ष्यभन्दा बढी राजस्व संकलन गरेको आन्तरिक राजस्व कार्यालय जनकपुरधामले जनाएको छ। विभिन्न परिसूचकका आधारमा गरिएको कार्यसम्पादनपछि सो कार्यालयले सात वर्षपछि आर्थिक वर्ष २०८१/८२ मा लक्ष्यभन्दा बढी राजस्व संकलन गरेको जनाएको छ।




कार्यालय प्रमुख आनन्दकुमार गुप्ताले आर्थिक वर्ष २०८१/८२ मा वार्षिक लक्ष्य रु चार अर्ब ८८ करोड ६८ लाख राजस्व संकलन गर्ने लक्ष्य रहेकोभन्दा बढी रु चार अर्ब ९० करोड ४३ लाख कुल राजस्व संकलन गरेको बताए।

यसका साथै कार्यालयले लामो समयदेखि राजस्व नतिर्ने १२५ व्यावसायिक फर्मलाई कारबाही प्रक्रिया अघि बढाएको छ। त्यसमध्ये कारबाहीमा परेकामध्ये १० वटा फर्मबाट रु चार करोड ३० लाख राजस्व संकलन भएको कार्यालय प्रमुख गुप्ताले जानकारी दिए।

सोही अवधिमा कार्यालयले आयकरतर्फ एक अर्ब ३२ करोड ५३ लाख ७४ हजार, बहालकरतर्फ तीन करोड ३४ लाख ४५ हजार, ब्याजकरतर्फ सात करोड ९५ लाख २९ हजार, मूल्य अभिवृद्धिकरतर्फ एक अर्ब नौ करोड ८० लाख ६४ हजार, अन्तःशुल्ककरतर्फ दुई अर्ब ३६ करोड ६० लाख १० हजार, स्वास्थ्यकरतर्फ चार लाख ७९ हजार, शिक्षाकरतर्फ तीन हजार तथा अन्यकरतर्फ १४ लाख ३७ हजार गरी कुल चार अर्ब ९० करोड ४३ लाख ४१ हजार राजस्व संकलन भएको जानकारी दिइएको छ।

सो अवधिमा कार्यालयले आयकरतर्फ एक अर्ब ५८ करोड ६० लाख, बहालकर रु ५४ करोड ४४ लाख ८०, ब्याजकर सात करोड ६१ लाख ३१ हजार, मूल्य अभिवृद्धिकरतर्फ एक अर्ब १७ करोड १७ लाख १४ हजार, अन्तःशुल्ककरतर्फ रु एक अर्ब ९९ करोड ६१ लाख छ हजार, स्वास्थ्यकरतर्फ २१ लाख ८३ हजार, शिक्षाकरतर्फ दुई लाख पाँच हजार गरी कुल रु चार अर्ब ८८ करोड ६८ लाख २४ हजार राजस्वको लक्ष्य रहेको थियो।

करिब ३५ हजार करदाता रहको सो कार्यालयले आर्थिक वर्ष २०८०/८१ को तुलनामा आर्थिक वर्ष २०८१/८२ मा बढी राजस्व संकलन गरेको सो कार्यालयद्वारा प्राप्त तथ्यांकमा जनाइएको छ। विवरणमा आर्थिक वर्ष २०८०/८१ मा तीन अर्ब ८२ करोड ८५ लाख तथा २०८१/८२ मा चार अर्ब ९० करोड ४३ लाख राजस्व संकलन गरिएको जनाएको छ।

# अनुमतिबिना कसरी भित्र्याइँयो डाइटरी सप्लिमेन्ट

**अनिल तिवारी**

वीरगञ्ज । नेपाल सरकारले निर्धारण गरेको नियम बिपरित आहार पुरक समानहरु आयात भइरहेको खुलासा भएको छ। खाद्य प्राविधि तथा गुणस्तर नियन्त्रण विभागले निर्धारण गरेको निमावली बिपरित खाद्यय समान आयात गरी बजारमा खुलेआम बिक्री भइरहेको छ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागमा दर्ता नै नभएका विभिन्न डाइटरी सप्लिमेन्ट र प्रोटिन पाउडरहरू ठूलो मात्रामा नेपालको बजारमा प्रवेश गरिरहेका छन्। काठमाण्डुको जीपी ट्रेडिङले खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र भन्सारका उच्च अधिकारीहरुलाई प्रभावमा पारेर यस्तो धन्धा चलाएको छ। खाद्य विभागमा दर्ता नगरी, तर आयात अनुमति दिएको भेटिएको छ।

वीरगन्ज भन्सार कार्यालयले पनि दर्ताको प्रमाण नहेरी आयात गर्न दिएको छ। विगत ३ वर्ष देखि यसरी अवैध रुपमा भित्रिएको इन्स्योर ब्राण्डको प्रोटिन पाउडर कारोवारमा ठुलो आर्थिक अनियमितताका साथै उपभोक्तालाई ठग्ने काम भएको छ।




प्रचलित कानुन अनुसार सबै प्रकारका आयातित डाइटरी सप्लिमेन्ट तथा फुड सप्लिमेन्टहरू आयातित सेम्पलका साथ खाद्यय विभागमा दर्ता हुनुपर्दछ । भन्सारबाट स्पष्ट अनुमति लिएर मात्र बजारमा जान पाउने व्यवस्था छ। तर सम्बन्धित निकायहरू बीचको समन्वयको अभाव र अनुगमनको कमजोरीका कारण यस्ता उत्पादनहरू गैरकानुनी रूपमा भित्र्याइँदै , बेचबिखन हुँदै आएका छन्।

बजारमा बिक्री बितरण भइरहेको नेपालको खाद्य कानुन विपरीत भएको कारण विभागमा दर्ता नगरी चोरबाटोबाट आयातको अनुमति पत्र प्रदान गरिएको बताइन्छ। ठूलो आर्थिक चहलखेलमा भन्सार अनुमति बिना नै जिपि ट्रेडिगद्धारा आयात गरिएको खाद्यय बस्तुहरु भंसार गरे पछि बजारमा खुलेआम बिक्री-वितरण भइरहेको छ ।जसले गर्दा उपभोक्ताको स्वास्थ्यमा गम्भीर जोखिम उत्पन्न गराउनुका साथै ठगीने गरिएको सरोकारवाला विज्ञहरुले बताएका छन्।

देशभरका जिम, खुद्रा पसलहरू, अनलाइन प्लेटफर्महरू तथा विशेषगरी फेसबुक र अन्य सामाजिक सञ्जालमार्फत यस्ता उत्पादनहरू खुलेआम बिक्री भइरहेको पाइएको छ।

बिना कुनै नियमन, अनुमोदन वा गुणस्तर परीक्षण, सामाजिक सञ्जालमार्फत दैनिक सयौँ उत्पादनहरू उपभोक्तासम्म पुऱ्याइँदैछन्। यसले न त उपभोक्ताको सुरक्षालाई सुनिश्चित गर्दछ, न त नियमन प्रणालीलाई सम्मान गर्दछ। यतिसम्म कि, भाटभटेनी जस्तो ठूलो व्यापारिक प्रतिष्ठानमा समेत अनधिकृत रुपमा भित्रिएको यस्तो उत्पादन बिक्रीबितरणका लागि राखिएका छन् । भाटभटेनीमा इन्स्योर नामको प्रोटिन पाउडर बिक्री भइरहेको पाइएको छ।

# आकस्मिक बाहेकका सेवा बन्द




**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीस्थित प्रादेशिक अस्पताल मलंगवाका चिकित्सक माथि हातपात गर्नेलाई कारबाहीको माग गर्दै आकस्मिक बाहेकका सेवा बन्द गरिएका छन्।

अस्पतालमा हड्डी भाँचिएर उपचारका लागि आएका मलंगवाका एक जना बिरामीलाई अन्यत्र रेफर गर्ने विषयलाई लिएर गएको सोमबार राति बिरामीका आफन्तले अस्पतालमा कार्यरत अर्थोपेडिक डा. कृष्णजंग साहमाथि हातपात गरेका थिए।

डा. साहमाथि हातपात गर्नेलाई तत्काल पक्राउ गरी कारवाही गर्न माग गर्दै अस्पतालमा कार्यरत चिकित्सक तथा अन्य स्वास्थ्यकर्मीले दुइ दिनदेखि आकस्मिक बाहेककासेवा ठप्प पारेका छन्।

नेपाल चिकित्सक संघले प्रेस विज्ञप्ति जारी गरी चिकित्सकमाथि हातपात गर्ने व्यक्तिलाई तत्काल पक्राउ गरी कारवाही गर्न माग गरेको छ। अस्पतालका मेडिकल सुपरिटेडेन्ट डा. सन्जिव सिंहले दोषीमाथि कानूनी कारवाहीको माग गर्दै अस्पतालको आकस्मिक बाहेकका सम्पूर्ण सेवा बन्द गरिएको जानकारी दिए।

अस्पतालले ओपिडी, ल्याब, एक्सरे लगायतका अन्य सेवा पूर्ण रूपमा बन्द भएको उनले बताए। चिकित्सकको आन्दोलनका कारण आकस्मिक सेवा बाहेक अन्य सेवा बन्द हुँदा उपचारका लागि आउने बिरामी मारमा परेका छन्।

## मानव बेचबिखन अपराध हो ।

- मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
- मानिसलाई खरिद बिक्री गर्ने र जबरजस्ती काममा लगाउने,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
- प्रचलित कानून विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
- वेश्यागमन गर्ने वा गराउने जस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन् ।

**यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानून बमोजिम कारवाही हुन्छ ।**

**त्यस्तो कार्य कहि कतै भए गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८